# प्रदेश सभा

## गण्डकी प्रदेश
## तेस्रो अधिवेशन
## (पहिलो बैठक)

**मिति : २०७५÷०९÷२३ गते, दिनको १:०० बजे**

**उपस्थिति :-**

| क्र.सं. | नाम, थर | जिल्ला | पार्टी |
|---|---|---|---|
| १ | आशाकोइराला | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २ | इन्द्र धारा डादु विष्ट | मुस्तांग | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३ | इन्द्र लाल सापकोटा | बागलुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४ | ओम कलागौतम | नवलपरासी | नेपाली काँग्रेस |
| ५ | किरण गुरुङ | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ६ | कुमार खड्का | कास्की | नेपाली काँग्रेस |
| ७ | कृष्ण थापा | बागलुङ | राष्ट्रिय जनमोर्चा |
| ८ | कृष्ण बहादुर थापा | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ९ | कृष्णचन्द्र नेपाली पोखेल | नवलपरासी | नेपाली काँग्रेस |
| १० | कोपिला वोहरा | बागलुङ | नेपाली काँग्रेस |
| ११ | गायत्री गुरुङ | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १२ | चन्द्र बहादुर बुढा | बागलुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १३ | चन्द्र मोहन गौचन | मुस्तांग | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १४ | चिन्त वहादुर घले | मनाङ्ग | नेपाली काँग्रेस |

| | | | |
|---|---|---|---|
| १५ | जनकलाल श्रेष्ठ | नवलपरासी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १६ | जुना देवी नेपाली | पर्वत | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १७ | दिपक कोइराला | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १८ | दिपक थापा | स्याङ्जा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| १९ | दिलमाया रोका मगर गौतम | बागलुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २० | डोवाटे विश्वकर्मा | तनहुँ | नेपाली काँग्रेस |
| २१ | धनञ्जय दवाडी | लमजुंग | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २२ | धनमाया पोखरेल (लामा) | गोरखा | नयाँशक्ति पार्टी नेपाल |
| २३ | नरदेवी पुन मगर | म्याग्दी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २४ | नेत्रनाथ अधिकारी | पर्वत | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २५ | पियारी थापा | बागलुङ | राष्ट्रिय जनमोर्चा |
| २६ | पुष्पा के.सी. (भण्डारी) | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २७ | पृथ्वी सुब्बा गुरुङ | लमजुंग | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| २८ | प्रकाशचन्द्र दवाडी | गोरखा | नेपाली काँग्रेस |
| २९ | प्रभा कोइराला | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३० | बिन्दु कुमार थापा | कास्की | नेपाली काँग्रेस |
| ३१ | भागवत प्रकाश मल्ल | स्याङ्जा | नेपाली काँग्रेस |
| ३२ | मणि भद्र शर्मा | बागलुङ | नेपाली काँग्रेस |
| ३३ | मधुमाया अधिकारी गुरुङ | लमजुंग | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३४ | मनकुमारी गुरुङ | गोरखा | नेपाली काँग्रेस |
| ३५ | मन बहादुर गुरुङ्ग | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |

| | | | |
|---|---|---|---|
| ३६ | महेन्द्र बहादुर थकाली | मुस्तांग | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३७ | मायानाथअधिकारी | लमजुंग | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३८ | मित्रकुमारी गुरुङ सुवेदी | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ३९ | मिन प्रसादगुरुङ्ग | स्याङ्जा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४० | मिना गुरङ | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४१ | मेख लालश्रेष्ठ | स्याङ्जा | नेपाली काँग्रेस |
| ४२ | मोहन प्रसाद रेग्मी | स्याङ्जा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४३ | राजिव पहारी | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४४ | राम बहादुर गुरुङ | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४५ | रामशरण वस्नेत | गोरखा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४६ | रामजी प्रसाद बराल जीवन | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४७ | रोशनबहादुर गाहाथापा | नवलपरासी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४८ | लक्ष्मी सुनार | नवलपरासी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ४९ | ललीतकला गुरुङ | पर्वत | नेपाली काँग्रेस |
| ५० | लेख बहादुर थापा मगर | गोरखा | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५१ | विकास लंसाल | पर्वत | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५२ | विनोद के.सी | म्याग्दी | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| ५३ | विष्णु प्रसाद लामिछाने | नवलपरासी | नेपाली काँग्रेस |
| 54 | श्रृजनाशर्मा | कास्की | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| 55 | सरिता गुरुङ | तनहुँ | नेपाली काँग्रेस |
| 56 | साबित्रा राना | बागलुङ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |

| | | | |
|---|---|---|---|
| 57 | हरि बहादुर चुमान | तनहुँ | नेपाल कम्युनिष्ट पार्टी (नेकपा) |
| 58 | हरि शरण आचार्य | गोरखा | नयाँशक्ति पार्टी नेपा |
| 59 | राजिव गुरुङ | मनाङ्ग | स्वतन्त्र |

प्रदेश सभा, गण्डकी प्रदेशको तेस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर ३१ मिनेटमा प्रारम्भ भयो ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।
यस प्रदेश सभाको तेस्रो अधिवेशनको पहिलो बैठकमा उपस्थित सबै माननीय सदस्यलाई हार्दिक स्वागत गर्दछु।
अब लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्न १ मिनेट मौन धारण गरौं ।

" शुरु . . . . . . . . . . . . . . . धन्यवाद । "
१ मिनेट मौन धारण गरिएको

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, माननीय प्रदेश प्रमुखबाट यो अधिवेशन आह्वान सम्बन्धी प्राप्त पत्र पढेर सुनाउँछु ।

मिति : २०७५/०९/११

**विषय : प्रदेश सभाको अधिवेशन आव्हान गरिएको ।**

श्री माननीय सभामुख ज्यू,

प्रदेश सभा, गण्डकी प्रदेश, पोखरा ।प्रदेश सरकार, गण्डकी प्रदेश, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको अधिवेशन सम्वत २०७५ साल पौष २३ गते सोमवार दिनको १:०० वजे आह्वान गरेको छु।

**(बाबुराम कुवँर)**

**प्रदेश प्रमुख**

**माननीय सभामुखज्यू**

अव यस सभाको तेस्रो अधिवेशनको प्रथम बैठकको अवसरमा माननीय सदस्यहरुलाई आफ्ना भनाई राख्न समय दिन्छु ।

माननीय श्री मायानाथ अधिकारी लाई बोल्न समय दिन्छु ।

**माननीय मायानाथ अधिकारीज्यू**

माननीय सभामुख महोदय, यो प्रदेश सभाको यो गरिमामय सदनमा नेपाल कम्युनिष्ट पार्टी ने.क.पा. को संसदीय दलको तर्फबाट समय दिनु भएकोमा म हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यस सन्दर्भमा सबै उपस्थित सबै महानुभावहरु प्रति हार्दिक अभिवादन स्वागत गर्न चाहन्छु । हामी विगतमा बर्खे अधिवेशन सम्पन्न गरेर त्यसलाइ बजेट अधिवेशन पनि भन्निछ । त्यो सम्पन्न गरेर आज हामी उपस्थित भई रहेका छौं। आज यहाँ उपस्थित भई रहँदा हामी सँगै काम गरी रहनु भएका हाम्रा सहकर्मी राष्ट्रिय जनमोर्चाको तर्फबाट बाग्लुङ्गबाट जित्नु भएका हाम्रा प्रदेश सभाका सदस्य गण्डकी प्रदेश सभाका सदस्य माननीय टेक बहादुर घर्ती मगर, (टेक बहादुर घर्ती मगर) हाम्रो बीचमा हुनुहुन्न । सबै भन्दा पहिला नेपाल कम्युनिष्ट पार्टी नेकपाको संसदीय दलको तर्फबाट उहाँप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु । उहाँको शोक सन्तप्त परिवारप्रति हार्दिक संवेदना व्यक्त गर्न चाहन्छु । यस्तै हाम्रो हामीसंगै रहनु भएका गण्डकी प्रदेश सभाका सदस्य माननीय

ओमकला गौतमको छोरा मोटरसाइकल दुर्घटनामा परि यो बीचमा उहाँको असामयिक दुखद निधन भएको कुराले हामी सबैलाई दुखित बनाएको छ । उहाँप्रति पनि म हार्दिक श्रद्धान्जली अर्पण गर्दै माननीय ओमकला गौतम र उहाँको परिवार प्रति नेपाल कम्युनिष्ट पार्टी (नेकपा पार्टी)को संसदीय दल हामी सबैको तर्फबाट मेरो तर्फबाट समेत हार्दिक संवेदना व्यक्त गर्न चाहन्छु।सभामुख महोदय, हामी गण्डकी प्रदेश सभामा उपस्थित छौं। मलाई लाग्दछ यो गण्डकी प्रदेश सभा, अरु प्रदेश सभाको कुरा मैले चर्चा गर्नु उपयुक्त हुन्न तर हामी गण्डकी प्रदेश धेरै कुराले भरिपूर्ण छौं ।प्राकृतिक स्रोत सम्पदा यहाँको ऐतिहासिक साँस्कृतिक सबै हिसाबले हामी भरिपूर्ण छौं, सम्पन्न छौं । हाम्रो बिचमा रहेका पर्यटकीय, धार्मिक, ऐतिहासिक, साँस्कृतिक सबै क्षेत्रलाई हामीले समेटेर त्यसको विकास संवर्द्धन प्रवर्द्धन गर्न सक्यौं भने वास्तवमा हामी गण्डकी प्रदेशलाई अरु कुनै प्रदेश भन्दा सम्पन्न, सभ्य र सम्पन्न बनाउन सक्छौं भन्ने कुरा हामी सबैलाई लागेको छ। त्यही अनुसार विगतमा गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशलाई सभ्य सुसँस्कृत समृद्ध बनाउनका निम्ति गएको बर्खे अधिवेशनमा वा बजेट अधिवेशनमा आफ्नै योजना कार्यक्रम र बजेट अगाडी सारि सकेको हो । त्यही बजेट कार्यक्रम र योजना हाम्रो बीचमा आउँदा साँच्चै नै गण्डकी प्रदेशले राम्रो कार्यक्रम ल्यायो, जनताको मन छुने कार्यक्रम ल्यायो, जनताले चाहेको र खोजेको जस्तो कार्यक्रम ल्यायो भनेर सर्वत्र प्रसंशा भएको हामीले सुनेका थियौं । हामी त्येति बेला बजेट अधिवेशनमा ती नीति कार्यक्रम पास गर्ने सन्दर्भमा होस् बजेटलाई पास गर्ने सन्दर्भमा होस् वा अरु कतिपय ऐन नियमहरु बनाउने क्रममा होस् हामी कुन सत्ता पक्ष कुन प्रतिपक्ष हामी सबै मिलेर, हामी एउटै पक्ष जस्तो भएर, हामीले छलफल गऱ्यो हाम्रो छलफल एउटा हार्दिकतापूर्ण ढंगले सौहार्दपूर्ण ढंगले मैत्रीपूर्ण ढंगले हामीले त्यो छलफल गरेका थियौं र त्यसले हाम्रो प्रदेशमा हाम्रो बीचको एकता हाम्रो बीचको सौहार्दता प्रदर्शन गरेको थियो । त्यसले भोट हाल्ने बेलामा आ-आफ्नो खुशीले जहाँ हाले पनि विकास र समृद्धि हाम्रो साझा एजेण्डा हो । सुशासन हाम्रो साझा एजेण्डा हो। सुशासन, विकास र समृद्धिको निम्ति हामी सबै मिलेर अगाडी बढ्नु पर्छ भन्ने सन्देश हामीले दिन सफल भएका थियौं । मलाई लाग्दछ त्यो एकता, त्यो

सौहार्दताले अहिले पनि त्यो उत्तिकै आवश्यक छ, अहिले पनि त्यो उत्तिकै महत्वपूर्ण छ अर्थपूर्ण छ । हाम्रो त्यो एजेण्डा अहिले पनि कमजोर भएको छैन । यो हिउँदे अधिवेशनमा आइ पुग्दा खेरि त्यो ए्ेजेण्डाले त्यो महत्वले यसको अझ महत्व बढेर गएको कुरा म अनुरोध गर्न चाहन्छु ।हिंउँदे अधिवेशनलाई विशेषत : विधेयक अधिवेशन, विधेयक अधिवेशन भन्ने गरिन्छ परम्परा चलन त्यस्तो छ । सरकारको विभिन्न मन्त्रालयको आवश्यकता अनुसारको विधेयकहरु सदनमा आउनेछन् । आए अनुसार हामी छलफल गरेर फेरी पनि प्रदेश सभाले आफ्नो विधि प्रक्रिया पुऱ्याएर त्यो ऐन, कानूनहरु समयमै हामीले गर्नु पर्ने कामहरु हामी समयमै सम्पन्न गर्ने छौं । त्यसको निमित्त हामी सबै मिलेर त्यसमा छलफल गर्ने छौं र हाम्रा आवश्यकतालाई पुरा गर्ने छौं भन्ने कुरा विश्वास राख्न चाहन्छु हाम्रो दल नेपाल कम्युनिष्ट पार्टी नेकपा संसदीय दल अहिलेको बर्खे (केरे) हिउँदै अधिवेशनमा पनि हिजो जस्तै फेरी पनि हामी एकताबद्ध भएर सत्तापक्ष र प्रतिपक्ष सबै मिलेर हामीले हाम्रो सदनलाई अझ बढी गरिमामय अझ बढी ओजपूर्ण बनाउने काममा लाग्ने छौं । यसमा हामी सफल हुने छौं भन्ने कुरा म विश्वास राख्न चाहन्छु । हाम्रो दल यसमा विश्वस्त छ। सभामुख महोदय नेपालको संविधान, २०७२ जारी भए संगै हाम्रो देशमा तीन तहको सरकारको व्यवस्था भयो । संघ, प्रदेश र स्थानीय तह । तीन तहको सरकारको व्यवस्था संगै अधिकारको बाँड-फाँड तेही अनुसार भएको छ । साझा अधिकार आ-आफ्नो बेग्ला-बेग्लै अधिकारहरु छन् र तीन तहका सरकारहरु भएको कुरा सबैले आफुलाई सरकार कार्यकारी सरकारको रुपमा स्वीकार गरेका छन् स्थापित गरेका छन्। अहिले यो नयाँ परिवर्तित परिस्थिति अनुसार संघीयता कार्यान्वयन गर्ने क्रममा हामीलाई के लागि रहेको छ भने नेपाली मानसिकता के छ भने अहिले माथिल्लो तहका कर्मचारी वा राजनीतिक दलका नेताहरु हुन वा अन्यत्र पनि कतिपय नेतृत्वमा रहेका बौद्धिक वर्गमा पनि के मानसिकता देखिन्छ भने पुरानै मानसिकताले हामीले काम गरेको देखेका छौं मानौं हामी उहिले पुरानै अवस्थामा छौं पुरानै व्यवस्थामा छौं । पुरानै अवस्था र पुरानै व्यवस्थामा छौं । त्यस कारणले हाम्रो कुनै विधि व्यवहारमा कुनै कार्यशैलीमा परिवर्तन गर्न आवश्यक नै छैन। पुरानै शैलीबाट हाम्रो काम चल्दछ । पुरानै तौर

तरिकाले हामीले काम गर्न सक्छौं भन्ने मान्यता हामीले देख्छौं। पुरानै तरिका र पुरानै मानसिकता राख्ने हो भने संघीयता कार्यान्वयन हुन सक्दैन । संघीयता भनेको नयाँ प्रणाली हो ।हामी सरकार परिवर्तनको कुरा मात्रै गरिरहेका छैनौं अहिले नेपाल कम्युनिष्ट पार्टी ने.क.पा. तीन तहमै बहुमत साथ विभिन्न तहमा केही-केही ठाउँमा होला नभए धेरै ठाउँमा बहुमतसाथ दुइ तिहाई बहुमतसाथ आएकोछ । केवल नेपाल कम्युनिष्ट पार्टीलाई ने.क.पा. नेपाल सरकारमा आएको कुरा मात्रै आएको नयाँ कुरा होइन मान्छेले बुझिरहेका छन् कि कम्युनिष्ट पार्टी बहुमतमा आए दुइटैमा आयो । त्यो मात्रै नयाँ हो भन्ने बुझ्या छन् । मलाई सबैले त्यसो त बुझ्नु भएको होला त लाग्दैन तर केही मान्छेको बुझाई होला जस्तो लाग्छ मलाई । तेस्तो कुरा मात्र होइन । नेपाल कम्युनिष्ट पार्टी ने.क.पा. सरकारमा आएको कारणले नयाँ कुरा भएको मात्र होइन। नेपालको संविधानले नै हाम्रो प्रणाली र संरचनामा परिवर्तन गऱ्या छ । प्रणाली र संरचनामा परिवर्तन गऱ्या छ। तीन तहको सरकारको व्यवस्था गऱ्या छ अधिकारको बाँडफाँड गऱ्या छ । तीन तहको सरकार र त्यस अनुसारको अधिकार बाँडफाँड गरेको सन्दर्भमा ती सबै तहमा संरचनाको निर्माण, सबै तहमा प्रणालीको निर्माण, सबै तहलाई आवश्यक पर्ने ऐन, कानूनको निर्माण अहिलेको आवश्यकता हो । यदि विधिसम्वत ढंगले संरचना निर्माण हुन सकेन भने, विधि सम्वत ढंगले ऐन कानून बनाउन सकिएन भने, समयमै बनाउन सकिएन भने, सय वर्ष किन नभयो भने, ती तीनै तहका सरकारले गति प्राप्त गर्न सक्दैन । ती तीनै तहका सरकारले लिएका उद्देश्यहरु, लक्ष्यहरु पुऱ्याउन सक्दैन । उनीहरुले देखाउन सक्नु पर्ने, देखाउनु पर्ने परिमाणहरु प्राप्त हुँदैनन् । अहिले मान्छेलाई लागेको छ, सरकारले एक एक्प्रेस रेलको आधारमा दौडिनु पर्छ भन्ने छ जनताको अपेक्षा स्वाभाविक छ। एक्सप्रेस रेल कस्तो हुन्छ थाहा छैन मैले सुनेका । त्यो चिनतिर एक्प्रेस रेल हुँदा पाँच सय छ सय किलोमिटर एक घण्टामा दौडिन्छ भन्ने सुनेको छु । एक्सप्रेस रेल जस्तो हुनु पर्छ सरकार भन्ने छ अपेक्षा जनताले राखेको छ । जनताले अपेक्षा राख्नु स्वाभाविक छ। जनताले परिणाम खोज्नु स्वाभाविक छ तर आन्तरिक व्यवस्थापन नगरिकन, संरचनाको व्यवस्थापन नगरिकन, ऐन, कानूनहरु नबनाइकन, विधि सम्वत प्रणाली

र संचरना स्थापित नगरिकन, अनि त्यस अनुसारको ऐन, कानून नबनाइकन, कार्यविधिहरु नबनाइकन, पक्कै पनि त्यसमा हामी द्रुत गतिका साथ अगाडी जान सक्दैनौं। अहिले बिचमा मान्छेलाई लाएको के अलमल अलमल हो कि भने जस्तो लाएको कुरा त्यही कुरा हो । अहिले ऐन, कानून बनाउने कुरामा सरकार लाएको हामी देख्छौं । कार्यविधि बनाउने कार्यमा सरकार लाएको हामी देख्छौं । तेही कारणले कतिपय कुरामा हामीले खोजे जस्तो, जनताले खोजे, जस्तो रिजल्ट आएन कि भन्ने पऱ्या हो । मलाई लाग्दछ अब त्यस्तो अलमल गर्नु पर्ने अवस्था छैन । अब सरकारले जुनसुकै तहका सरकार पनि आफ्नो गतिमा अगाडी बढन सक्छन बढनु पर्दछ । मेरो नेपाल कम्युनिष्ट पार्टी ने.क.पा. संसदीय दलको तर्फबाट पनि म भन्न चाहन्छु सरकारमा रहेका मन्त्रीहरुलाई तपाईंहरु अब पूरा रेसका साथ, पूरा भोल्यूमका साथ आफ्नो गाडीलाई दौडाउनुस तपाईंहरुका साथ हामी संधैं छौं । एकसिडेन्ट नहुने, एकसिडेन्ट नहुने गरी द्रुत सिपालु दक्षताका साथ तपाईंले आफ्नो गाडी दौउडाउनु होस् सफलता प्राप्त गर्न अगाडी बढनुस नेकपा तपाईंहरुको साथमा छ । यति कुरा म तपाइ अगाडी राख्न चाहन्छु । अहिले प्रदेश सरकारले कार्यविधिहरु बनाएर सबै मन्त्रालयहरुमा कार्यविधिहरु बनाएर, आफ्नो मुख्य कुरा, अहिले जनताले खोजेको कुरा के छ ? जनताको चाहेको र बेला बेलामा मिडियामा पनि आउने गरेको । मलाई पनि भन्नु हुन्छ, साथीहरु ले भन्नु हुन्छ र सोध्नु हुन्छ। हैन, यो प्रदेश सरकार चाहीं कार्यान्वयन हुँदैन कि क्या हो ? बजेट नै कार्यान्वयन नै हुँदैन कि क्या हो ? यो प्रदेश सरकार र प्रदेश सभाको औचित्य पुष्टी हुन सक्दैन कि क्या हो भनेर विभिन्न ठाउँमा साथीहरुले प्रश्न गर्नु हुन्छ । जनताको तर्फबाट प्रश्न भएको पनि सुनेको छु । उहाँहरुलाई, उहाँहरुले प्रदेश सभा नभई दिए हुन्थ्यो , प्रदेश सरकार नभईदिए हुन्थ्यो, संघीयता नभईदिए हुन्थ्यो, भन्ने चिन्ताले होइन प्रदेश सरकार र प्रदेश सभाले काम गरोस्। त्यसले जनताले देखिने गरि, जनताले महसुस गर्ने गरी काम गरोस् । परिणाम आउने गरी काम गरोस् भन्ने चिन्ताले भन्नु भएको हो । हामीले प्रदेश सरकारले छिटो गतिका साथ काम गर्नु पर्छ । अहिले प्रदेश सरकारले आफ्नो कार्यविधि बनाएर आफ्नो कामलाई अगाडी बढाएको व्यवस्थित गर्ने कोशिश गरी रहेको र व्यवस्थित गरेको र अब

दौडिनलाई सिट्टी लगाउन मात्र बाँकि दौडिन तयार भएको हामीले सुन्या छौं । अनुभव गऱ्या छौं । त्यस कारणले मलाई लाग्छ सरकार, प्रदेश सरकार, हाम्रो गण्डकी प्रदेश सरकार चाहीं अब तीव्र गतिमा अगाडी बढ्छ भन्ने हामीलाई विश्वास छ। हाम्रो दललाई विश्वास छ। माननीय सभामुखज्यू मैले अहिले यो रोष्टमा उभिरहँदा खेरी एउटा कुरा मलाई भन्नै मन लायो, तपाईलाइ होइन, मलाई होइन हामी सबैलाई कोक्याको विषय, प्रश्न उठेको विषय, हामी जहाँ जान्छौं, जहाँसुकै जान्छौं भन्छन मान्छेहरु, यो संघीयता नै आवश्यक छैन । संघीयता बोझ भयो । यो प्रदेश सरकार र प्रदेश सभा नै आवश्यक छैन । यो बोझ भयो । आज विहान पनि एक जना मान्छेले भन्दै हुनु हुन्थ्यो गाडीमा चढदा बरु एउटा राजा पाले ठीक हुन्थ्यो । धेरै राजा भयो। तपाई यस्तो भन्न मिल्छ । तपाई राजाको पक्ष हो जस्तो लाग्छ भनें मैले । म राजाको पक्षमा होइन म त जनताकै पक्षमा हो मैले फेरी उहाँलाई सच्याएं । उहाँ ठीक ठाउँमा आउनु भयो । तेस्तो नभन्नु होला नकारात्मक कुरा नगर्नु होला भनें उहाँ ठीक ठाउँमा आउनु भयो । मेरो अनुरोध के छ भने अहिले देशव्यापी रुपमा यो अधिकारको बाँडफाँडको कुरामा आनाकानी गर्ने कुरा, संघीयतालाई बलियो बनाउने कुरामा आनाकानी गर्ने कुरा, संघीयतालाई प्रभावकारी बनाउने कुरामा ढिला गर्ने कुरा, संघीयता सम्बन्धी नकारात्मक प्रचार गर्ने कुरा, प्रदेश र प्रदेश सरकार भनेकै संघीयता कार्यान्ववयनको महत्वपूर्ण कडी हो । प्रदेश सभा र प्रदेश सरकार भनेकै संघीयता कार्यान्ववयनको महत्वपूर्ण कडी हो तपाईं हिजो केन्द्रीय सरकार हिजो पनि थियो । अहिले संघीय सरकार भने पनि केन्द्रीय सरकार हिजो पनि थियो । स्थानीय तह नभए पनि स्थानीय निकाय भनेर हिजो पनि थियो । प्रदेश हिजो थिएन प्रदेश सरकार र प्रदेश सभा अहिलेको नयाँ परिस्थितिमा संघीयता संगै आएको कुरा हो । नेपालको संविधानले व्यवस्था गरेको संघीयता संगै आएको महत्वपूर्ण कुरा हो । जब प्रदेश सरकार र प्रदेश सभा ठीक ढंगले व्यवस्थित हुँदैन प्रभावकारी हुँदैन, संघीयता कार्यान्वयन संभव छैन । संघीयता कार्यान्वयन संभव छैन । प्रदेश सरकार र प्रदेश सभालाई बाहिर राखेर तपाईं संघीयता कार्यान्वयन कुरा गर्नु हुन्छ भन्ने त्यो संभव छैन। त्यसैले म सबैलाई हार्दिकतापूर्ण निवेदन गर्न चाहन्छु । देशभरी एउटा मानसिकता छ ।

देशभरी एउटा मानसिकता छ, संघीयता कमजोर भए हुन्थ्यो । यो प्रदेश सरकार र प्रदेश सभालाई प्रभावकारी बनाउन नपरे हुन्थ्यो भन्ने मानसिकता छ। केही शक्तिको केही व्यक्तिको मानसिकता छ। यो प्रदेश सभा र प्रदेश सरकार कसैको निगाहले दिएको होइन । कसैलाई दया माया लाएर दिएको विषय होइन । हामी कुनै व्यक्ति अमुख अमुख व्यक्तिको माया लाएर दिएको व्यक्ति को विषय होइन। अमुख अमुख व्यक्तिलाई प्रदेश सभाका भएपनि सदस्य बनाइ दिउँ भनेर दिएको विषय होइन। यो तपाईं हामीले संघर्ष गरेर ल्याएको विषय हो । तपाईं हामी सबैले चाहे प्रदेश सभाका माननीय सदस्यहरु हुन, चाहे पत्रकार हुन, बुद्धिजिवी हुन, सबै देशवासी सम्पूर्ण न्यायप्रेमी जनताले आन्दोलन गरेर ल्याएको उपलब्धी हो । यो आन्दोलन गरेर ल्याएको उपलब्धीलाई कमजोर पार्ने कुरा, यस बारे नकारात्मक प्रचार गर्ने कुरा, कुनै हालतमा सह्यै हुने विषय होइन । यस कारण म, माननीय सदस्यहरुको पनि माननीय सभामुख मार्फत ध्यानाकार्षण गराउन चाहन्छु, सम्पूर्ण पत्रकार साथीहरुको पनि ध्यानाकर्षण गराउन चाहन्छु । कहीं कतै संघीयता कमजोर पार्ने हिसाबले प्रदेश सभा (प्रदेश सरकार) प्रदेश सभाको अधिकारलाई खुम्चाउने हिसाबले प्रदेश सरकारलाई खुम्चाउने हिसाबले संघीयताको अधिकारलाई कार्यान्वयन गर्ने कुरामा बाधा विध्न पुर्याउने हिसाबले कहिं कतै खेल हुन्छ भने त्यसलाई हामीले परास्त गर्नु पर्छ। अब (अब) हाम्रो चुनौती भनेको अब हामीले यसलाई स्थापित गरेर सरकारलाई संघीयतालाई बलियो बनाएर, जनताको नजिकको सरकारलाई बलियो बनाएर, जनताका समस्या समाधान गर्ने विधि प्रक्रियालाई बलियो बनाएर, जनताका दुख-सुखका सम्पूर्ण समस्यालाई हल गर्दै हामीहरु अगाडी बढनु पर्छ । गण्डकी सरकारले जुन पर्यटन, उर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार लगायतका विषयहरुलाई प्राथमिकता दिएर अगाडी बढेको छ । पक्कैपनि हाम्रो प्रदेशमा त्यो महत्वपूर्ण छन् त्यो महत्वपूर्ण विषयहरुलाई अझै प्राथमिककरण गरेर, अझै व्यवस्थित र प्रभावकारी बनाएर, अझै उर्जा हालेर, अझै जनताको बीचमा सार्वजनिक रुपमा, अझै व्यवस्थित प्रभावकारी ढंगले अगाडी ल्याएर जान सक्नु पर्दछ । हाम्रै बीचमा सुन फल्या छ । हाम्रो प्रदेशमा सुन फल्ने ठाउँ धेरै छन् । तर हाम्रो एउटा उखान छ कस्तुरीले आफ्नो बिनालाई चिन्न नसकेर डाँडा डाँडै

कहाँ आयो बास्ना भनेर दुगुर्दै खोज्दै हिड्या जस्तो हामीले आफ्नो सुनलाई चिन्न नसकेर आफ्नो मूल्यलाई चिन्न नसकेर आफ्नो ठाउँलाई चिन्न नसकेर हामी भौतारिएर बाहिर दौड्छौं। हामीले अन्त अन्त बाहिर ठाउँको कुरा गर्छौं । अर्कै ठाउँको चर्चा गर्छौं । हामीले आफ्नो ठाउँको विषयलाई उजागर गर्नु पर्छ । हामीले हाम्रो आफ्नो ठाउँलाई चिनाउनु पर्छ । हाम्रो ठाउँ राम्रो भयो भने हाम्रो गौरव बढछ । तपाई जन्मेको ठाउँ तपाई बसेको ठाउँ तपाईं अगाडी बढेको ठाउँ राम्रो भयो भने तपाईंको शिर ठाडो हुन्छ। अर्काको ठाउँको चर्चा गरेर तपाईं अगाडी बढन सक्नु हुन्न । तपाईंको ठाउँमा रहेका कमजोरी हटाउँदै, समस्या समाधान गर्दै, हामीले हाम्रो ठाउँलाई बलियो बनाउनु पर्छ। हामीले हाम्रो ठाउँलाई राम्रो बनाउनु पर्छ । सुन्दर छ तर समृद्ध बनाउनु पर्छ । गरिब जनतालाई सुखी बनाउनु पर्छ । सुखी नेपाली र समृद्ध नेपाल बनाउने हाम्रो योजना हाम्रो उद्देश्य पुरा गर्नका लागि हामी अगाडी बढनु पर्छ । अहिलेको सबैको साझा चाहे सत्ता पक्ष होस् वा प्रतिपक्ष होस् सबैको साझा उद्देश्य के भने सुखी नेपाल समृद्ध नेपाल बनाउनु पर्ने हो सुखी नेपाली र समृद्ध नेपाल बनाउने कुरामा कसको विरोध छ र कसको असहमति छ र ? हामी सबैले यो विषयमा अगाडी बढनु पर्ने हातेमाले गरेर अगाडी बढनु पर्ने बेला आएको छ । त्यसैले म फेरी पनि जोड दिन चाहन्नछु । माननीय सभामुख मार्फत माननीय सदस्यहरुलाई अनुरोध गर्न चाहन्छु । सत्ता पक्ष प्रति पक्ष सबै साथीहरुलाई भन्न चाहन्छु । अहिलेको बेला हामी फेरी पनि एकताबद्ध भएर अगाडी बढने बेला हो । फेरी पनि हामी एकजुट भएर अगाडी बढने बेला हो । अरुले के गरे ठूलो कुरा होइन हामीले के गर्ने ठूलो कुरा हो । अरुले के बन्दैछन् ठूलो कुरा होइन हामी के बन्ने हो त्यो ठूलो कुरा हो । हामीले के योजना बनाउने त्यो ठूलो कुरा हो । हाम्रो प्रदेशलाई बलियो बनाउन हाम्रो प्रदेशको गरिमालाई माथि उठाउन के गर्ने भनेको ठूलो कुरा हो । तपाईंको इज्जत बढयो भने प्रदेश सभाको इज्जत बढछ, प्रदेश सभाको इज्जत बढयो भने, प्रदेश सरकारको इज्जत बढछ, यहाँको जनताको इज्जत बढछ । म भन्न चाहन्छु अहिले हामीले बेलाबेलामा उठाउँदै आएका छौं, यो प्रदेश सभाका सदस्यको प्रोटोकल भएन । प्रोटोकल भएन के हो के हो प्रोटोकल भएन भन्निछ । धेरै साथीहरुले

त्यो अनुभव पनि गरिरहनु भएको छ । हामीले बारम्बार उठाएका छौं । प्रदेश सभा सदस्य भनेको कर्मचारी होइन । प्रदेश सभा सदस्य भनेको कुनै सामान्य कर्मचारी वा सामान्य अरु खालको मान्छे होइन । जनताको प्रतिनिधि हो जनताको प्रतिनिधिको हैसियत के हो हैसियत बिनाको मान्छे हुन्छ । त्यस कारणले प्रोटोकल हुनु पर्छ । बारम्बार कुरा उठाएको छ । बारम्बार उठाएपछि अहिले मैले सुन्दैछु। धेरै चोटीको छलफल र धेरै पटकको प्रयत्न पछि सायद अहिले मैले औपचारिक भन्न त मिल्दैन अब चाहीं मर्यादाक्रमको टुंगो लगाएर आउँछ कि भनेर संघीयता हामीले देखेको छौं । शायद त्यो टुंगो लगाएर आउला । टुँङ्गो लाएर आयो भने हामीले अपमानित हुने स्थिति आउँने छैन । हामी सबै उत्साहित भएर हामी सबै एउटा ठाउँमा रहेर अगाडी बढने परिस्थिति बन्छ । म सबै साथीहरुसंग भन्न चाहन्छु । उच्च मनोबलका साथ एकताका साथ हामी अगाडी बढछौं बढनु पर्छ गण्डकी प्रदेश सरकारलाई म भन्न चाहन्छु। नेकपाको तर्फबाट तपाईंहरुले आफ्नो कामकाजलाई अझै व्यवस्थित अझै प्रभावकारी अझै पारदर्शी बनाउनुस । तपाईंले आफ्नो कामलाई अझै चुस्त दुरुस्त बनाउनुस अझै छिटो छरितो बनाउनुस अझै फास्ट ट्र्याकबाट जाने ढिला सुस्ती होइन ढिला सुस्ती तरिकाले होइन अझै फास्ट ट्र्याकबाट जाने बाटो खोज्नुस । फास्ट ट्र्याक बाट जाने बाटोबाट जनताले अनुभूत गर्ने गरी जनताले थाहा पाउने गरी प्रदेश सरकार छ गण्डकी प्रदेशमा। प्रदेश सभा छ गण्डकी प्रदेशमा । प्रदेश सरकारले काम गरी रहेको छ । प्रदेश सभाका साथीहरुले पनि काम गरी रहेका छन् भन्ने कुरा जनताले अनुभूत गर्ने गरी अनुभव गर्ने गरी काम अगाडी बढाउन पर्छ हामी सबैले काम गर्नु पर्छ । अगाडी बढाएको काममा सरकारले अगाडी बढाएको कामका क्रममा हामी सबै मिलेर त्यसलाई स्थापित गर्ने अगाडी बढने । परिणाम आउने गरी काम गर्ने छौं । आगामी दिन अझै महत्वपूर्ण हुने छन् । आगामी दिन अझै उपलब्धीपूर्ण हुनेछन् । आगामी दिन हाम्रो भविष्य अझै राम्रो हुनेछ भन्ने कुरामा म विश्वस्त छु । नेकपाको तर्फबाट सबै साथीहरुलाई सबै माननीयज्यूहरुलाई माननीय सभामुख मार्फत हार्दिक आभार व्यक्त गर्न चाहन्छु । मेरो भनाई यहीं अन्त्य गर्छु ।धन्यवाद ।

**माननीय सभामुखज्यू**

माननीय श्री कृष्ण चन्द्र नेपाली पोखेललाई बोल्न समय दिन्छु ।

**माननीय कृष्ण चन्द्र नेपाली पोखेलज्यू**

सभामुख महोदय, यस प्रदेश सभाको यस सम्माननीय सदनमा बोल्ने मौका दिनु भएकोमा म मेरो तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । सभामुख महोदय यस सम्मानित सभामा केही कुराहरु भन्नु भन्दा अगाडी म यस देशमा लोकतन्त्र स्थापनाको लागि जनताको हक अधिकारको लागि जन जिविकाको लागि मुक्तिका लागि शहिद हुने यी शहिदहरु अर्थात् लखन थापादेखि चार शहिद हुँदै बासठ्ठी त्रीसठ्ठीको आन्दोलनसम्म आइ पुग्दा शहादत प्राप्त गर्नु हुने हजारौं शहिदहरु प्रति म श्रद्धान्जली अर्पण गर्न चाहन्छु । नमन गर्न चाहन्छु । सभामुख महोदय, यति मात्र होइन हाम्रा शहिदहरु कसको प्रेरणाले शहादत प्राप्त गर्नु भयो । अब जुन व्यक्तित्वको प्रेरणाले आफूलाई कुर्बान गर्नु भयो ती व्यक्तित्वहरुको नाम यस सम्मानित सभामा लिएन भने ती व्यक्तित्वहरु प्रति अन्याय हुन्छ भन्ने मलाई लाग्दछ । सभामुख महोदय, यसो अर्थमा सबभन्दा पहिलै एक सय चार वर्ष पहिले जहाँनियाँ राणा शासन समाप्त पार्नको लागि नेतृत्व गर्नु हुने ति वि.पी. कोइरालालाई स्मरण गर्न चाहन्छु। जसले, जो आफू नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री भएर र यो मुलुकलाई अहिलेको अवस्थामा लोकतान्त्रिक समाजवाद तर्फ उन्मुख शुरुवात गरेको व्यक्तित्व । उहाँलाई म सम्मान गर्न चाहन्छु । त्यस्तै एउटा अभिजात वर्गमा जन्मिएर राणा परिवारमा जन्मिएर लोकतान्त्रिक समाजवादको प्रस्तावक बन्ने, र पन्ध्र सालको जननिर्वाचित सरकारमा विर्ता उन्मुलनको प्रस्ताव राख्ने, राजा रजौटाहरुको उन्मूलनको प्रस्ताव राख्ने, त्यो व्यक्ति सुवर्ण शमशेरलाई पनि म स्मरण गर्न चाहन्छु। सभामुख महोदय, सत्र साल पछि जब लोकतन्त्र खत्म भयो आफू निर्वासित हुँदै गर्दा पनि नेपालमा संसदीय व्यवस्था पुनर्स्थापित गरेर जानु पर्छ नेपाली काँग्रेससंग संयुक्त रुपमा लडेर अगाडी बढनु पर्छ र पञ्चायतलाई फ्याँकनु पर्छ भन्दै गर्दा गद्दार समेतको संज्ञा प्राप्त गर्नु भएका आदरणीय कमरेड पुष्पलालको नाम पनि स्मरण गर्न चाहन्छु । सभामुख महोदय,

त्यति मात्रै होइन पञ्चायती व्यवस्था निरंकुश पञ्चायतलाई ढाल्ने क्रममा वामशक्तिलाई पनि साथमा लिएर अगाडी बढनु पर्छ अन्यथा पञ्चायत जाँदैन भनेर एउटा नेतृत्व दिने त्यो महान व्यक्ति गणेशमान सिंहलाई म स्मरण गर्न चाहन्छु । एउटा त्यागको प्रतिमूर्ति हाम्रो प्रेरणाका स्रोत तत्कालीन समयमा नेपालमा जनताको छोराले पाउने सबैभन्दा ठूलो पद राजाले दिंदै गर्दा पनि उहाँले त्यागेको व्यक्ति जसले समावेशिता, आर्थिक विकासको लागि आवाज उठाएर आफ्नै पार्टीको विरुद्ध पनि  अगाडी बढेको व्यक्ति गणेशमानज्यूलाई म सम्झन चाहन्छु । सभामुख महोदय, हामीलाई थाहा छ इतिहास सम्झनै पर्छ । यो ऐतिहासिक सभामा राख्न चाहन्छु । कुनै बेला नेपाली नेपाली बीचमा मारामार हजारौं सत्र हजार नेपालीहरु मारिएको अवस्था यो मुलुक निकासको लागि गुमराह हुने भएको अवस्थामा आफ्नो ६० वर्षे राजनीति इतिहासलाई दाउँमार्न लगाएर १२ बुँदे मार्फत तत्कालीन माओवादीलाई राजनीतिको मूलधारमा ल्याएर संघीय लोकतान्त्रिक गणतन्त्रलाई स्थापना गर्ने त्यो व्यक्ति गिरिजा प्रसाद कोइरालालाई म सम्मान गर्न चाहन्छु । त्यस्तै म सम्मान गर्न चाहन्छु त्यो व्यक्ति जुन व्यक्तिले पराम्परागत कम्युनिजम या कम्युनिष्ट शैलीलाई छोडेर एक्काइसऔं शताब्दीमा लोकतन्त्रप्रति जानु पर्छ भनेर लोकतान्त्रिक समाजवादी कार्यक्रमलाई अंगिकार गरेर जब जब अख्तियार सहित तत्कालीन माहौललाई परिवर्तन गर्ने व्यक्ति कमरेड मदन भण्डारीलाई म सम्झन चाहन्छु । त्यति मात्रै होइन लोकतन्त्र स्थापनाको लागि लडनु भएका एउटा व्यक्तित्व जो तीन सालदेखि मजदुर आन्दोलनमा लाग्नु भयो र पहिलो कम्युनिष्ट प्रधानमन्त्रीको रुपमा स्थापित व्यक्तित्व मनमोहन अधिकारीलाई पनि म सम्झन चाहन्छु । अन्त्यमा पहिलो संविधान सभा असफल भई सकेपछि विघटन भई सकेपछि नेपाली जनताले दिएको त्यो मतादेशका आधारमा अहिलेको नेपालको संविधान नेपाली जनताको हातमा दिन सफल विभिन्न उलझनका बावजुद धेरै राष्ट्रिय अन्तरराष्ट्रिय दाउँ पेचका बीचबाट पनि वर्तमान संविधान दिने शुशिल कोइरालालाई म सम्झन चाहन्छु । सम्मान गर्न चाहन्छु । सभामुख महोदय, त्यसपछि म दुखका साथ भन्न चाहन्छु हाम्रा सहयात्री हामी संगै अघिल्लो अधिवेशनमा सहभागी हुनु भएका माननीय टेक बहादुर घर्ती मगरज्यूको असामयिक निधन भयो । त्यो

निधन, त्यो दुखदायी निधन भएकोमा उहाँको दिवंगत आत्माको म चिर शान्तिको कामना गर्न चाहन्छु । यसका साथै माननीय सभामुख महोदय मार्फत सरकारसंग अपील गर्न चाहन्छु कि उहाँका उपचारार्थ जे जति रकमहरु लाएका छन् त्यो राज्यले सरकारले त्यसलाई हेरिदिनु पर्छ । त्यति मात्रै होइन, मैले सुनेको छु उहाँ एउटा संघर्ष गर्दै आएका व्यक्ति एउटा साधारण परिवारका व्यक्ति जसका नाबालक बच्चा बच्चीहरु छन् भन्ने सुनेको छु। हाम्रो सरकारले कम से कम उनीहरुको लागि केही व्यवस्था गर्नु पर्छ भन्ने अनुरोध पनि गर्न चाहन्छु । यस्तो भन्नु पर्दा निश्चित रुपमा मेरै जिल्लाबाट प्रतिनिधित्व गर्नु हुने माननीय ओमकला गौतमज्यूलाई जुन एउटा शोक परेको छ । उहाँप्रति एकदम हार्दिक संवेदना व्यक्त गर्न चाहन्छु र उहाँको सुपुत्रको दिवगन्त आत्माको चिरशान्तिको कामना पनि गर्न चाहन्छु र अन्त्यमा मैले सुन्या हो कि माननीय हाम्रो धनमायाज्यू चाहिं लामा पोखरेल उहाँपनि अस्वस्थ हुनु हुन्छ भन्न सुनेको छु यदि अस्वस्थ हुनु हुन्छ भने उहाँको पनि शिघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु । सभामुख महोदय, यति भनि सकेपछि म अलिकति अहिलेको परिस्थितिमा जान चाहन्छु सभामुख महोदय बहुदल स्थापना पछि र पछि बैसठ्ठी त्रिसठ्ठीको आन्दोलन पछि धेरै राजनीतिक अस्थिरताको कारणले मुलुकले विकास गर्न सकेन । हामी सबैले स्विकारेको कुरो र नेपाललाई नेपालले जुन राजनीतिक आन्दोलन सफल हामीले पाऱ्यौं । अब रानीतिक स्थायित्व चाहिन्छ भने सबैको एउटा सोच बनेको अवस्था निश्चित रुपमा दुई तिहाई भन्दा बढी बहुमत ल्याएर अहिले केन्द्रीय सरकार हामी सामु छ । सभामुख महोदय, नेपालको इतिहासमा यो दोस्रो दुई तिहाई बहुमत हो तर अघिल्लो दुई तिहाई बहुमत बि पी कोइरालाको पालामा त्यो राजाको अन्डर माथि यो राजाले दिएको संविधान अन्तर्गत थियो र पनि त्यतिखेर अठार महिनाको कार्यकालमा यति धेरै निर्णयहरु भए कामहरु शुरु हुन भएको थियो भने अहिले नेपाली जनताले के बुझेको थियो भने दुई तिहाई बहुमत प्राप्त सरकार भई सकेपछि अब हामी नेपालीहरुको दिदी बहिनीहरु बलात्कृत हुनु पर्ने छैन । हाम्रो भाईहरु अरब जानु पर्ने अवस्था हुने छैन र हामी रोजगारीका लागि यहीं बस्ने छौं । यो आकांक्षा बोकेका थिए र त्यति मात्रै होइन अहिले सत्तामा रहने पार्टीका नेता अहिले सम्मानित प्रधानमन्त्रीजी उहाँले

धेरै कुराहरु जनताको बीचमा राख्नु भएको थियो र जनताले त्यो अपेक्षा गरेको थियो । म त यो भन्दिन कि चार वर्ष बाँकि छ एक वर्षको म त्यता तिर जान चाहन्न शुरुवात के भयो भन्न चाहन्छु । शुरुवात के भयो भन्दाखेरी शुरुमै यो सरकारले केन्द्रीय सरकारको कुरा गर्दै छु म किन भने हामी त्यही केन्द्र भित्र छौं । हाम्रो प्रदेश सरकार पनि त्यहि पेरिफेरि भित्र छ र त्यो प्रदेश सरकारको अधिकार क्षेत्रको विषयमा म पछि आउँने छु सभामुख महोदय, शुरुमै मैले के देखें भने अर्थमन्त्रीजीले या सरकारले विगतलाई गाली गरेर विगतमा विगतलाई खासगरीकन नेपाली काँग्रेसले नै सबै चीज डुबायो अब हामीं आउँछौं अब हामीले गर्छौं भन्ने सन्देश दिनलाई दिन थाल्नु भयो । त्यसैमा हाम्रो आपत्ति भयो । राजनीतिमा जस र अपजस दुइटै लिन सक्नु पर्‍यो । हिजोको दिनमा तथ्यले देखाएको छ सभामुख महोदय, छयालिस साल देखि चौहत्तर सम्म हिसाब गर्ने हो भने  छयालिस साल देखि चौहत्तर सम्म हिसाब गर्ने हो भने  काँग्रेस सात हजार सत्र दिन सत्तामा रहयो। तेस्तै एमाले माओवादी चार हजार पाँच सय साठी दिन सत्तामा छ । सभामुख महोदय, चार हजार र सात हजार आधा त कमसेकम लिनु पर्‍यो । त्यो पनि छोडदिनुस सभामुख महोदय, बैसट्ठी त्रिसट्ठीको आन्दोलनको पछिको डाटा हेर्ने हो भने । अब अहिले ने.क.पा., वामपन्थी, कम्युनिष्ट जे भने नि उहाँहरु तीन हजार चार सय बीस दिन सत्तामा छ । काँग्रेस दुई हजार छ सय छत्तिस दिन सत्तामा छ। अब सबै काँग्रेसले बिगार्‍यो । यसरी शुरुवात भयो तर पनि सभामुख महोदय, हामी खुशी थियों भनें मुलुकले अब स्थायित्व पाउँछ । मुलुक ले अब एउटा शान्ति सुव्यवस्था कायम हुन्छ। भ्रष्टाचार उन्मूलन हुन्छ । हामी विशेष हामीले पनि सोचेको हो । यद्यपि आफ्नो जिम्मेवारी नलिएकोमा हामीले औंल्याएकै थियों तर सभामुख महोदय, आज उत्साह पनि भयो सभामुख महोदय, जब नयाँ नयाँ आइसके पछि गृहमन्त्रीज्यूको हुँकार आयो । के आयो भन्दाखेरी ठूला ठूला माछा समातिन्छ तेंतिस किलो सुन समातियो त्यति मात्रै होइन माथिसम्म जान सकिन्छ । ठूला ठूला ठेकेदारहरु माथि कारवाही हुन्छ । सिण्डिकेट तोडिन्छ देखि लिएर धेरै कुराहरु आए । हामीलाई खुशी लायो । कमसेकम यो जुन पृष्ठभूमिबाट आएको नेतृत्वले सरकार चलाएको छ । काम गर्छ भन्ने आम मान्छेलाई धारणा भयो ।

तर सभामुख महोदय त्यो के भयो जग जाहेर छ। त्यस पछि आवाज बन्द कुन शक्तिले सरकारको आवाज बन्द गर्‍यो नेपाली जनता अचम्म मानिराछन् । त्यो अवस्थामा सभामुख महोदय, म भन्छु त्यसपछि सुन तस्कर दीपक मल्होत्रा जो व्यक्ति अगाडी घुमेकै छ तर त्यो अहिले सम्म एडरेस फुल हुनु भएको छैन । केही व्यक्ति पकडिए छाडिए । तेही भएर यो किन भयो । किन एति कमजोर भयो सरकार ।मैले यो भन्न चाहें दुई तिहाई बहुमत, तीन चौथाई बहुमत लगभग हुँदै गर्दा पनि किन यो कमजोर भई राखेको छ किन यो इच्छाशक्ति सरकारमा छैन, किन जनतालाई आवाज दिन सकि रहेको छैन प्रश्न यहाँ तिर छ सभामुख महोदय, त्यही तिर नियतमाथि शंका जनताले गर्न सक्छ । मैले देखें त्यो बीचमा दुई तिहाई बहुमतको सरकारले केही कोशिश गरेको । त्यो के गरेको हो भने संचार जगतलाई नियन्त्रण गर्न खोजेकै हो। दुई तिहाई बहुमतको सरकार र संचारलाई नियन्त्रण गर्ने अनि राष्ट्रिय अनुसन्धान आफैसंग, राजश्व अनुसन्धान आफैसंग, सतर्कता केन्द्र त थिदैं थियो । अख्तियार पनि लान खोज्ने र अहिले अन्त्यमा आउँदै गर्दाखेरि पचास अरब भन्दा बढीका आयोजनाहरुलाई प्रधानमन्त्री सिधै हेर्ने यी सबै कुराले के देखाउँछ भने के चरित्र हो त्यो यो के लोकतान्त्रिक चरित्र हो ? म प्रश्न गर्न चाहन्छु सभामुख महोदय, त्यो यहाँको लागि पनि लागू हुन्छ। यो नयाँ सरकार कम भएको हुनाले एक वर्ष जाँदैछ । यसको मात्रा कम भयो होला भोलिका दिनमा हामी यो पनि गर्छौं । त्यो के हो भने लोकतन्त्र तब सबल हुन्छ, जब लोकतान्त्रिक संघ संस्थाहरु सबल हुन्छ । जब ती परिचालित हुन्छन् सभामुख महोदय, अनि मात्र सफल हुन्छ। एउटै व्यक्ति र एउटै संस्था राख्ने हो भने हिजो को राजा र अहिलेको प्रधानमन्त्रीमा के फरक हो ? तेसो हुनाले यो सबै एउटा अधिनायकवादी चरित्रहरु जुन देख्नमा आएको छ, हामी तेतातिर सचेत हौं । सभामुख महोदय, अर्को मैले भन्ने पर्छ कुनै नयाँ कुरा म भन्दिन । दुई तिहाई बहुमतको सरकारबाट जनताले पहिलो अपेक्षा के गर्छ भने म सुरक्षित छु । यो देशको जुनसुकै भागमा म जाउँ जुनसुकै जेण्डरको म किन नहु म सुरक्षित छु भन्ने अनुभूति हुनु लोकतन्त्रको पहिलो शर्त हो तर मिडियामा हामीले देखेका छौं । दिनदिनै बलात्कार र हत्या अझ बढ्दै छ । त्यसमा पनि निर्मला

पन्त काण्ड जुन हत्या र पछिको बलात्कार काण्ड आज साँच्चै भन्ने हो भने नेपालकै लागि लज्जाको विषय भएको छ । किन भने एउटा बलात्कारी, एउटा नाबालिका बलात्कार भइन प्रशासनको नजिकै पनि छ र घटनाक्रमले के देखाएको छ भने सारै प्रमाणहरु नष्ट गरेको अवस्था हामीले देखेका छौं । मिडियाले देखाएको छ । त्यो एउटा आपराधिक घटना पत्ता लगाउन प्रधानमन्त्रीजीले धेरै प्रयाक्टिस गर्नु भयो । हिजो आएर उहाँले के भन्नु भयो भने ती अराजक भीडहरुले न्याय दिन्छन् भन्नु भयो। म प्रश्न गर्न चाहन्छु यदि प्रधानमन्त्रीज्यूको तेत्रि बच्चि भएको भए, तेत्रि नातिनी भएको भए, र त्यो दुर्घटना भएको भए, उहाँहरुको आवाज रोडमा आएको भए, त्यो प्रधानमन्त्रीले यो भनिदिएको भए के हुन्थ्यो ? आज सुदुरपश्चिमका महिला दिदी बहिनीहरु त्यो हत्याको विरुद्धमा निर्मलाको न्याय पाउनु पर्छ परिवारले उनले भनेर हिड्दै गर्दा एउटा मुलुकको प्रधानमन्त्रीले रियलाइज गर्ने कुरो छैन । सभामुख महोदय यदि म मैले बुझेको हो भने एउटै घटना अस्ट्रेलियाको एक आधदिन पहिला प्रकाशित भएको छ। त्यहाँको प्रधानमन्त्रीले त्यो बाबु आमा जसको छोरी बलात्कृत भई उहाँहरुसंग माफी माँगे। मैले पत्ता लगाउन सकिन अहिले सम्म मलाई माफि दिनुहोस् तर म पत्ता लगाएरै छाडछु भन्ने । सभामुख महोदय, त्यो हो लोकतन्त्र हुँकार गर्ने तामस गर्ने यो प्रवृत्ति के हो त भन्दा खेरी यो किन म यो भनी रहेको छु भने जे गर्दै गर्दा पनि नेपाली जनताले पाँच वर्षसम्मका लागि मेण्डेट दिएको सरकार हो । हामी त्यहाँ जाने होइन तर प्रश्न कहाँ हो भने अघिनै सभामुख महोदय हाम्रो सत्तापक्षको माननीयज्यूले धेरै कुरा राख्नु भयो र उहाँका धेरै कुरामा म सहमत छु पनि उहाँलाई चिन्ता छ सरकार चलेन उहाँले राम्रो भन्न सक्नु भएन किन भने आफ्नै सरकार छ माथि । को चाही हामी सन्तुष्ट छौं अहिले छैनौं । शुन्य सहनशीलता भ्रष्टाचार प्रति जिरो टोलरेन्स त्यसमा पनि अहिलेको प्रधानमन्त्री जी उहाँको क्याबिनेट। जुन प्रधानमन्त्रीको जादुई चमत्कारले दुई तिहाई भएको । यो जनताले भोट हालि दिए त्यो प्रधानमन्त्री कै क्याबिनेटका एउटा मन्त्री सारा तथ्यले देखाएको छ यो वाइड बोडी काण्ड कस्तो प्लेन मगाएको हो कुन ल्याइयो कुन क्यापिसिटीको थियो कुन क्यापिसिटीको आयो सब तथ्यवाइज त्यहाँ छन् तर उपसमितिले प्रतिवेदन दियो ।

प्रतिवेदन दियो समितिमा ल्याउने हो प्रक्रिया शायद त्यस पछि अख्तियार, भ्रष्टाचार रोक्न हो अख्तियारले हेर्छ । तर तेस्को काउण्टरमा फेरी अर्को आयोग गठन गरियो ।किन ? त्यो पनि प्रधानमन्त्रीजीकै निर्देशनमा भएको हो । यसलाई हामी के भनौं । जवाफ आउँछ उपसमितिले गरेको कुरा कहाँ हुन्छ । हिजो सम्मको दिनमा सुडान घोटालामा प्रदीप ज्ञवालीको संयोजकत्वमा गठित, समितिले दिएकाले हुने, सबै आईजीपिहरु निलम्बनमा पर्ने, अहिले राजन के.सि.को नेतृत्वमा भएको नहुने। राजनीतिकरण भयो । मैले बुझे अनुसार काँग्रेसको अध्यक्ष बाहेक सबै साथीहरु सत्तारुढ दलकै साथीहरु छन् । र सत्तारुढ दलका साथीहरुलै भन्नु भएको छ । भ्रष्टाचार भएकै छ प्रेमा आलेलाई मैले हेरें निडरताका साथ बुझ्नु भएको छ तर हाम्रो शुन्य सहनशीलतावाला सरकार त्यको डिफेन्स गरी रहेकै छ। प्रधानमन्त्रीले भन्नु हुन्छ कि मेरो मन्त्रीले तेस्तो कहाँ गर्न सक्छ । गरेकै छैन उहाँको त्यो भन्ने राइट छैन।किन भने जब यो एउटा प्रक्रियामा गईसके पछि सम्बन्धित निकायले हेर्छ। यो म किन सुनाई राखेको छु भने भाषण मात्रै राम्रो गरेर हुँदैन । जिम्मेवारीमा बस्ने मान्छेले त्यो स्वीकार्नु नै पर्छ । रामशरण महतो कुनै बेला अर्थ मन्त्री हुँदा नगण्य डलर अमेरिकी बैंकमा देखियो उनी पढदा के गर्दाको थियो । हाउसमा प्रश्न उठ्यो उनले राजीनामा दियो। पछी क्लियर भयो। लोकतन्त्रको लागि लोकतान्त्रिक चरित्र पनि देखाउनु पर्छ सभामुख महोदय, यो मैले किन भनी राखेकोछु भने यो मैले किन भनि राखेको छु भने सबैको निचोड अघि हाम्रो माननीयज्यूले राख्नु भएको छ । आज चिन्ता हामीलाई संघीयताको छ। अहिले हामी सबैलाई निश्चित हो एकथरी यो संघीयतालाई कसरी फेल गराउने लागेकै छन्। जो लाग्छन उनीहरु लाग्छन तर हामी संघीयतावादी भन्नेहरु र अहिलेको सरकार जसमा अहिलेको केन्द्रीय सरकारले राम्रो डील गरेन भने भोलिका दिनमा संघीयतामाथि जनताको वितृष्णा भयो भने तेस्को परिणाम के हुन्छ। म प्रश्न गर्न चाहन्छु। हुन त मैले मात्रै भन्या हैन। एक वर्ष भई सकेको छ । हाम्रो प्रदेशलाई के अन्याय परि रहेका छ । प्रदेशका के अप्ठायाराहरु छन् । मलाई लाग्छ माननीय मुख्यमन्त्रीजीको जुन भेला भयो त्यो भेलामा उहाँहरुलेि भन्नु भएकै हो सभामुख महोदय, तर उनी दलीय व्यवस्था के रहेछ भने सभामुख महोदय म

सभामुख महोदय मार्फत राख्न चाहन्छु आफ्नो पार्टी भएको हुनाले हामी केही सिमामा बाँधी रहेका छौं । हैन भने आजसम्म कर्मचारी समायोजन नहुने। त्यो के हो दुई तिहाई बहुमत त्यो ले कानून बनाउन सक्दैन ।संविधानका तीन वटा दफा बाहेक सम्पूर्ण संविधान चेन्ज गर्न हैसियत राख्ने सरकार केन्द्रीय सरकारमा भन्दा कर्मचारी ल्याछैन । पुलिस ल्याछैन । न पुलिसलाई भर्ती गर्न दिएको छ । न अरु आयोग बनाउन दिएको छ । कसरी संघीयता आउँछ? एकातिर संघीयता बदनाम गर्न चाहने । एकातिर केन्द्रीय सरकारको यो लैहया, अर्को तिर हाम्रै राजधानी तिर आएर हिजोका दिनमा गद्दीमा बसेका राजा ज्ञानेन्द्र पूर्व राजा चाहीं सार्वजनिक रुपमा म स्थापित हुन्छु भन्दै हिंडने। के हो यो ? यो संयोग हो । अब हामीले त प्रश्न गर्नु पर्छ। जनता प्रश्न गरी राखेका छन् । हुन त यो मैले एउटा मिडियामा सुने सभामुख महोदय मैले राख्नै पर्छ सदनमा राजालाई ल्याउनै ग्यारेण्टी चाहिन्छ भनेर हाम्रो मुख्यमन्त्रीले बोल्नु भयो भनेर आएको थियो अब त्यसैलाई राख्ने हो भने के हो थाहा छैन मलाई । त्यो क्वेश्चन गर्नु पर्छ, म प्रश्न गर्न चाहन्छु यो तात्विक छ कि छैन। यो उदहारण छ कम्बोडियाको घटना यहाँ घटछ कि सभामुख महोदय हामीलाई त्यो चिन्ता छ। हामी त्यो र यो भन्ने बहानामा पछाडी हटने छैन। काँग्रेसले जे गर्छ, स्पष्ट गर्छ। राख्ने राजा राख्यो, फ्याक्ने राजा फ्याक्यो । सिद्धियो । त्यसो भए हुनाले कम्बोडियामा जसरी हुइसाँङ्गले इतिहास छ। आफ्नो पार्टी प्रचण्ड बहुमत भई सकेपछि आफू चाँही सत्तामा गई सकेपछि आफ्ना विपक्षीहरुलाई समाप्त पारेर अथवा दबाएर त्यहाँका निर्वासित राजा समम्यालुङ्गलाई फिर्ता ल्याएर पिपुल्स रिपक्लिक अफ कम्बोडियालाई किङ्गडम अफ कम्बोडिया बनाएको उदाहरण पनि हामीसँग छ । के हो यो ? मैले यो किन भनी राखेको छु भने आज हामी सबैको चासो संघीयता मजबुत होस् । भित्र बाहिर कसैले पनि अंगुलो उठाउन नसकोस् भन्ने हाम्रो चाहना छ, सभामुख महोदय । यो सम्मानित सभामा म चाही राख्न चाहन्छु । अर्को सभामुख महोदय, मैले भन्नु नै पर्छ मैले आज मुलुकले प्राप्त गरेको सबैभन्दा ठूलो सबै भन्दा ठूलो वन अफ द अचिवमेन्ट धर्मनिरपेक्षता हो। आज धर्मनिरपेक्षताका विषयमा विभिन्न तरिकाले विभिन्न कोणबाट प्रश्न आइ रहेको बेलामा एसिया प्यासेफिको ओसियन इनभल्बमेन्ट

सरकार त्यहाँ समिटको एउटा उदहारण दिन चाहन्छु सभामुख महोदय, त्यहाँ हाम्रो सरकार जसरी लायो। प्रधानमन्त्रीज्यू त्यहाँ जसरी जानु भयो। कुनै पनि नेपालीलाई थप म कार्यकर्तालाई भन्न हाम्रा आदरणीय नेकपाका मित्रहरुलाई के फिल भएको छ मलाई लाग्छ उहाँहरुलाई पनि फील भएको छ। एउटा कम्युनिष्ट नेता तु गएर होली वाइन लिने सम्बन्धमा त्यो एउटा विवादास्पद व्यक्ति जुन व्यक्ति विश्वमै परिचित छ। त्यो व्यक्तिको लागि काइस्टकै छोरी मानि होली वाइन लिने । यो हाम्रो लागि लज्जाकै विषय हो कि होइन ? सभामुख महोदय, मैले यो किन राख्या छु भने त्यहाँ कमरेड केपी ओली जानु भएको होइन । त्यहाँ यो मुलुकको प्रधानमन्त्री गएको हो । यो मुलुकको कार्यकारि प्रमुख गएको हो । त्यो प्रधानमन्त्रीले गल्ती गर्दा हाम्रो पनि शिर झुक्छ । सभामुख महोदय मलाई लाग्यो। मलाई तेही निर प्रचण्डज्यू गएकोमा या प्रचण्डज्यू इनफल्भ भएकोमा मलाई केही भन्नु छैन । उहाँले सार्वजनिक रुपमा नै भन्नु भएको छ सभामुख महोदय कि हाम्रो धर्म भनेकै क्रिस्चियन हो हिन्दु धर्म भनेको यो सामन्तहरुको हो। सार्वजनिक रुपमा उहाँले भन्नु भएको छ। उहाँले भनेर जानु भएको छ तर के भने मुलुकको प्रधानमन्त्री त्यसरी जानु हुँदै नथियो। त्यसले पनि हामीले के भन्दा खेरी शिर झुकाको अवस्था छ सभामुख महोदय र अब म अन्त्यमा राष्ट्रिय कुरा म टुङ्गयाउन चाहन्छु सभामुख महोदय, मैले एउटा प्रश्न अस्ति पेपरमा हेरें अहिलेको सत्तारुढ दलको प्रवक्ता । उहाँले के भन्नु भयो फेरी भने स्टुडेन्टहरुलाई आन्दोलनरत विद्यार्थीहरुलाई सम्बोधन गर्दै कृषि तथा विज्ञान विद्यालय उहाँले के भन्नु भयो भने, भ्रष्टाचारीलाई अख्तियार कुरी रहनु पर्दैन । समातेर बाहिर ल्याएर कालो मसो लगाई देउ । शायद उहाँको आदेश मानेर हो कि पेपरमा आएको छ के भने विपल्वका मान्छे भनेर सुबद्धरत्न केशकारलाई कालो मसो लगाइदिएको। मैले यो किन भनी रहेका छु भने उनी प्रति सहानुभूति गऱ्या । यस्तो सरकार छ अख्तियार छ पुलिस छ सिआइडी विभाग दुनिया छ । अब कालो मसो लाउने । त्यो पनि त्यो पनि त्यो जिम्मेवार व्यक्तिले उहिले प्रधानमन्त्री अरिन्गलको गोलो झैं खनिए भन्दिनौं कहिले यो प्रवक्ता कालो मसो लाइ दिए यसरी चल्दैन, सभामुख महोदय। सभामुख महोदय मार्फत, म केन्द्रीय जतिपनि नेतृत्व वर्ग छन् लोकतन्त्र

जपेर मात्रै हुँदैन लोकतान्त्रिक अभ्यास लोकतान्त्रिक चरित्र पनि देखाउनु पर्छ भन्ने मलाई लाग्दछ  सभामुख महोदय, यति भनिकन म अब प्रदेश तर्फ भन्न चाहन्छु सभामुख महोदय, किनभने मेरो सरोकार अझ बढी यो राष्ट्रिय सरोकार हो । यो प्रदेश सभाको सदस्य भएको नाताले यो प्रदेश सभाको गरिमा यहाँको सरकार अहिले मेरो लागि सरकारको कुरा किन छ भने अप्रत्यक्ष हामी पनि गाँसिएका छौं । हो यो पनि म धन्यवाद दिन चाहन्छु । सभामुख मार्फत, सरकारलाई यहाँ सबै यो हललाई त्यो के हो भन्दाखेरि आज राजधानी तोक्ने सन्दर्भमा प्रदेशको नामाकरण गर्ने सन्दर्भमा  हामी सफल भएका छौं यस अर्थमा हामी कहीँ जाँदा पनि गण्डकी प्रदेश भनी सकेपछि यो हामीलाई पनि गौरव हुन्छ र हाम्रो भाग हो । जतिखेर दोस्रो अधिवेशनमा १६२ बुँदे नीति तथा कार्यक्रम सरकारले प्रस्तुत गऱ्यो । यद्यपि हामीले भनेका थियौं यो महत्वकाँक्षी छ र पनि हामीले भनेको हो पनि सपना देख्नै पर्छ । धन्यवाद । हाम्रो ८/१० महिना कति भयो त्यो बजेट आएको तर आज आउँदै गर्दा अलिकति सोध्दै गर्दा भन्नै पर्छ करिब करिब हामी अहिले पनि हामी जिरो अवस्थामा छौं । मैले गएर हो यसो हाम्रो भौतिक तथा विकास मन्त्रालयले म कहाँ एउटा कार्यालय खोलेर अलिकति शुरुवात गरेकै छ यो कुरा म लुकाउन चाहन्न तर तेति काफि हो अहिलेसम्म कहाँ बजेट खै खर्च भएको खै हामीले पैसा खर्च गर्न सकिएको। अब सक्छौं हामी त एउटा बजटै खर्च गर्न सक्दैनौं भने हामीले विकास कसरी गर्ने । यस अर्थमा यो पनि मलाई थाहा छ तेति खेर हामीले एउटा कुरा भनेका थियौं जब बजेट आयो भौतिक विकास बाहेक अरु मन्त्रालयहरुको विनियोजनको बिना विनियोजन हामीले त्यो विनियोजन विधेयक पास गरेका छौं। त्यो के मा पास गरेका छौं भने त्यही हलमा मुख्यमन्त्रीज्यू मन्त्रीज्यू आश्वतस्त गर्नु भयो अब हामी भोलीका दिनमा सभासदहरुसंग बसेर तपाईंहरुकै सहभागितामा हामी कार्यविधि बनाउँछौं। पोको खुल्छ त्यतिखेर एउटा पोको भन्ने शब्द आएको थियो सभामुख महोदय पोको खुल्छ भन्ने माननीयज्यू हामी पनि आश्वतस्त भयौं मलाई थाहा छैन सत्तापक्षका माननीयज्यूहरु बोलाउँदै सल्लाह लिनु भएको त्यो उहाँहरुले जान्ने हो तर मलाई के लाग्छ भने त्यो पनि भएन। त्यहाँबाट कार्यविधि बन्यो।  कार्यविधि बन्यो त्यो पनि ठीकै तर यदि हामी त्यहाँ हुन्थ्यौं भने

अहिले त्यो कार्यविधि यहाँतिर के हो भने त्यो प्रतिबद्धताबाट सरकार किन पछि हटयो यो एउटा मेरो प्रश्न छ। आखिर उहाँहरुको आश्वासनमा तेतिखेर हामीहरुले छोडेको अब अहिले आएर कारयविधि जुन बनेका छन्। मलाई भन्न मन लाग्छ त्यो के हो भन्दा खेरी कार्यविधिहरुका कता कता यहाँ अब फेरी मेरो कर्मचारी मित्रहरु फेरी रिसाउनु हुन्छ कि प्रतिपक्ष संग उहाँहरु रिसाएर त खासै फरक पर्दैन त्यो के हो भने तपाईहरु यो कार्यविधि बनाउने पक्षमा लागि रहनु भएको छ । हाम्रो ठहर के छ भने पहिलो पटक जनताको बीचमा प्रदेश सरकारको कोसेली प्रदेश सरकारको आइडेन्टिटी देखाउने जुन मौका दिएको थियो फेरी उही झमेलामा हालेर अहिलेको जस्ताको तेस्तै।होमस्टे मन्त्रीज्यू आउनु भएको छैन सभामुख महोदय नभए पनि सभामुख महोदय मार्फत म अनुरोध गर्न चाहन्छु। छिटो विकास गरौं भन्ने भावना बोकेकै मन्त्री हो हामी विकास नामै विकास उहाँले यस्तो कार्यवविधि बनाएर ल्याउनु भयो ३०० मा ३० वटा निवेदन पनि परेन। फेरी थप्नु पर्यो। इमानदारितापूर्वक भनौं उहाँको इमानदारिता हामीलाई थाहा छ। मलाई फोन गरेर भन्नु भयो मन्त्रीज्यू तपाईको जिल्लाबाट के भन्छ टुरिस्ट टुरिस्म विकास हुने जिल्लाबाट अहिले सम्म केही आएको छैन किन हो। मलाई खुसी लायो। फेरी कार्यविधि हेर्न जान्छु भन्ने केही तयार नै छैन। अर्थात मैले उदहारण के दिन चाहन्छु भने यो पहिलो शुरुवात थियो यैले यति जना ल्याउ सरल तरिकाले ल्याउने अनि रकम दिने तलबहरु वाच गर्ने गर्नु पर्नेमा विभिन्न किसिमका कम्पलिकेशन आएकाले मलाई लाग्छ यो कार्यविधि अनुसार धेरै कुराहरु तपाईंको चाहींको कुरा गर्न सक्ने अवस्था छैन। अर्को के लायो भने हामी प्रतिपक्षी मिडियाका साथीहरु पनि हुन्छ सभामुख महोदय उहाँले मलाई प्रश्न गर्नु हुन्छ। खै प्रतिपक्ष कराएको । मैले जवाफ दिन्छु सभामुख महोदय हैन एक्शनको रिएक्शन हुने हो। भनेसि एक्शनै भएको छैन भने के को रिएक्शन। अब अलि अलि एक्शनमा जाने होला बल्ल पो रिएक्शन हुन्छ मैले जवाफ दिया हो सभामुखज्यू। तर त्यो एक्शनले पनि केही हुने छैन । अब ठूलो च्यालेन्ज छ र हामी तपाईहरुलाई भन्न चाहन्छौं यहाँ निश्चित रुपमा माननीयज्यूको भनाई संग म सहमत छु। हामीहरुको साझा इन्ट्रेस्ट भनेको यो प्रदेशको खुशीयाली हो। यो प्रदेशलाई सातै प्रदेश मध्ये अव्वल बनाउने

हामी सबैको यसो भन्दा गरी मैले भन्नु नै पर्छ सभामुख महोदय त्यो भनेको के भन्दा प्रतिपक्षलाई पनि साथ लिएर हिडन सक्नु पर्छ। प्रतिपक्षको नेताले धेरै कराए झंझट गरे भनेर हेर्दै नहेर्ने त होइन नि । त्यो मैले किन भनी रहेका छु भन्दा खेरी म उदहारण दिन चाहन्छु। यो बिचमा केही कार्यक्रमहरु भए। केही आयोगहरुको पनि गठन भयो कार्यदल गठन भयो र विकास निर्माणको लागि बुद्धिजीविहरुलाई बोलाउने तिनलाई एक्सरसाइज गर्न काम थाप्यो तर मैले यति मात्रै भनौं तेस्ता कुराहरुमा सन्तुलित रुपमा सामाजिक विकास मन्त्रालयको कार्यपत्र र कार्यविधि आयो। त्यहाँ धेरै व्यवस्था छन् अध्ययन गर्ने अध्ययन गरिकन पहिलो चरण यद्यपि चाहियो। यता DPR चाहियो उता अध्ययन चाहियो। तर त्यो अध्ययन चाहियो तिर पनि ब्यालेन्स गर्नु पऱ्यो अनि मात्रै चल्छ राज्य यो प्रदेश। तर म यहाँहरुलाई मेरो सुझाव छ । भोलीका दिनमा जे भन्छन त्यो टाइपबाट कमसेकम हामीहरुलाई पनि तपाईंले कोशिश गर्नुस भन्न चाहन्छु र अर्को के हो भन्दाखेरी मर्यादाको कुरो। अहिले माननीयज्यू यता आउनु भएको छ। अहिले शूरुमा नै भनेका थिएं हाउसको सम्मान भन्या के हो भन्दा सभामुख सहित हामी सबैको सम्मान। त्यो सम्मान कहिले हुन्छ जब एउटा प्रदेश सभाको सदस्यले आफूलाई गौरवका साथ म प्रदेश सभाका सदस्य हुँ भनेर हिडन सक्यौ भन्ने गौरव अनि बल्ल उ ले काम गऱ्यो । अनि भन्नै यताका कुनै बेला त्यो सांसद भन्ने मान्छे जो लोभले लुकाउन थाले भन्ने हल्ला थियो माननीयज्यू तर प्रदेशका हामी सभासदहरु यसो हेरे कोइ कता बस्ने हो। झगडा गर्ने होइन अरे र हाँस्ने न पाउने भने कसरी काम गर्न पाउने हो । त्यो हुनाले चाँडै भन्दा चाँडै यो मर्यादाको कुरा कायम गर्ने तर्फ छिटो भन्दा छिटो कायम होस् भन्न म चाहन्छु। अर्को म के भन्न चाहन्छु भने व्यवहारमा के देखियो भने । हामीले केही रकम पठाएका छौं। कुनै अनुदानका रुपमा कुनै कार्यपत्र अनुसार यो स्थानीय तहको सहभागिता यति हुने भने तर व्यवहारमा के देखिएको छ भने सभामुख महोदय स्थानीय तहहरुले को अपरेट बहुत कमले मात्रै गरेको छ। उनीहरुले प्रदेशले दिएकोमा सकारात्मक देखिएको छैन भने। अर्को तिर यो प्रदेशको आफ्नै आइडेन्टिटीका लागि पनि कमसेकम प्रदेशको बजेट प्रदेशकै सांसदहरुको प्रदेशकै म्याकेनिज्मको आधारमा हुने व्यवस्था गर्नु जरुरी छ सभामुख

महोदय त्यसो भएर म अन्त्यमा के भन्न चाहन्छु भने अन्त्यमा म सभामुख महोदय एउटै कुरा भन्न चाहन्छु सभामुख महोदय मार्फत सरकारलाई सत्तापक्षलाई यो एक वर्षलाई हामीले मैले अघि नै भनि सकें हिजोको दिनसम्ममा आश्वासन भयो आश्वासन अनुसार समावेश गर्ने रकम पठाएं भन्ने होइन के भन्ने हो भने मैले भनी सकें हाम्रो सहभागिता पनि भई रहेकोछ भन्ने आभाष पनि हामीले गरि रहनु पर्छ । किन भने अप्रत्यक्ष प्रत्यक्ष दायाँ बायाँ चारै कोणबाट यो संघीयता माथि जुन हमला भई रहेको अवस्था छ । निश्चित रुपमा त्यो हेर्ने हो भने भोलि संघीयतामा प्रश्न आयो र यो असफल भयो भने सत्ता पक्ष मात्रै असफल हुने मात्रै होइन माननीयज्यू हामी पनि छौं सबै हामी सबै नेपाली जनता नै असफल हुने हो माननीयज्यू। यसर्थमा यी सबै कुराहरु जिम्मेवारीपूर्ण तरिकाले अगाडी बढोस् भन्ने शुभकामना र अपील गर्दै मेरा भनाईहरु यहीं बन्द गर्छु । धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय श्री कृष्ण थापालाई बोल्न समय दिन्छु।

## माननीय श्री कृष्ण थापाज्यू

माननीय सभामुख महोदय आजको यो दोस्रो अधिवेशनमा म आफ्नो दलको तर्फबाट आफ्नो भनाई राख्न गई रहेको छु । सभामुख महोदय म यहाँ उभिन्दा मेरो दलको सभासदस्य टेक बहादुरज्यूको असामयिक निधन भएको छ र म उहाँ प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दै सोक संतप्त शोक संतत्प परिवार प्रति संवेदना व्यक्त गर्न चाहन्छु र मैले आफ्ना भनाई एकदम छोटो रुपमा अगाडी बढाउन चाहन्छु । अहिले देशमा विशेष गरेर शान्ति सुरक्षाको प्रश्न भ्रष्टाचारको प्रश्न र मानव अधिकारको प्रश्न हामीले मानव सुचकाङमा हेरौं भने कुन अवस्थामा छ र भनेर हामीले हेर्नु पर्छ । लोकतान्त्रिक सरकार स्थापना भएको करिब करिब एक वर्ष बितिसकेको छ र के त्यो मानव सूचकाङमा घटि सकेको छ त घटेको छैन । आज हामीले धेरै ठाउँहरुमा शान्ति सुरक्षाका प्रश्नहरुमा प्रश्न उठी रहेको कुरा हामीले देखि रहेका छौं । हुन त हाम्रो देशमा मानव अधिकारको कुरा गर्दा अनसन

अवस्था भने अनसन बसेको व्यक्ति मरेर न्याय नपाएको मुलुक हो तर पनि केही अहिले मानव अधिकारको सूचकाङ्मा शान्ति सुरक्षाको प्रश्न केही घटेर गएको छ त। भन्न सकेको छ त । मलाई लाग्छ यो हुन सकेको छैन तेही भएर मलाई लाग्छ यो भन्न आवश्यक छ । अर्को तिर हामीले देशमा मानव अधिकारलाई व्यवस्थित गराउने हो भने भ्रष्टाचारलाई अन्त्य गर्नु पर्ने होला । तर हामीले सुनी रहेका छौं सरकारमा हुने मन्त्रीज्यू भ्रष्टाचारमा हुनु हुन्छ। सरकारमा हुने एक जना मन्त्री त बोल्न नजानेर रुँदै रुँदै राजीनामा दिएको कुरा पनि हामीले अगाडी देख्यौं। त्यसले गर्दा के देखिन्छ भने कतै भ्रष्टाचार संस्थागत त छैन । किन यो भ्रष्टाचार प्रति यो सरकार बढी जवाफदेही हुनु पर्छ कि पर्दैन । मलाई लाग्छ पर्छ। मैले यी कुराहरु भनें । हामी निर्वाचित भएको करिब एक वर्ष भएको छ हामीले शपथ खाएको दस महिना बिती सकेको छ र प्रदेश सरकारको नीति र कार्यक्रम आउने बेला सायद प्रदेश सभामा हो अर्थमन्त्रीज्यू रोष्टमा हुँदाखेरी करिब करिब मार्शलै लगाएर बजेट प्रस्तुत भएको थियो त्यो एउटा दुखान्त घटना थियो जस्तो मलाई लाग्छ । जे होस् त्यस पछिका दिनहरुमा जुन नीति तथा कार्यक्रम आई सकेपछि धेरै कुरामा हाम्रो प्रदेश सभामा सहमति भएर हामी अगाडी बढेका छौं । हाम्रा सबै सहमति जस्तै छ तेति ठूलो विरोध पनि छैन । सायद मार्शल लाउन पनि परेको अवस्था पनि छैन । के अहिलै हामीले नीति कार्यक्रमलाई अगाडी रहेको अवस्थामा हाम्रो नीति र कार्यक्रम व्यवहारिक रुपमा एकदम राम्रोसंग संचालन भएको छ त । म सरकारसंग अथवा विशेष गरेर प्रदेश सरकारसंग एउटा प्रश्न गर्न के चाहन्छु त भने सरकार कछुवाको गतिमा बढेको छ कि खरायोको गतिमा । म सरकारलाई के विनम्रताका साथ अनुरोध गर्छु भने सरकार वास्तवमा त्यो पहिला पहिला कथा सुनिएको जस्तो छुटेको खरायो आएको छैन द्रुत गतिमा बस्ने खरायोको रुपमा चल्ने खरायोको रुपमा चल्नु पर्छ । जनताको अपेक्षा त्यो छ। त्यस कारण मैले के पनि भन्न चाहन्छु त भने हाम्रो प्रवक्ता कतिपय माननीयज्यूहरुले पनि बताई सक्नु भएको छ । हामीले बजेट प्रस्तुत गर्ने बेला विशेष गरेर हामीले के भनेका थियौं भने । बजेटको सबै सिलिङ्गहरु यो प्रदेश सभाका सबै माननीय सदस्यहरुले जान्ने गरी बुझ्ने गरी कस्तो हुनु पर्छ भन्दा

हामीले बजेटलाई पोको पारेर राख्नु हुन्न भन्न लागेका थिएं । एउटा परिस्थितिजन्य भएको होला भर्खर सरकार निर्माण भएको होला । उ ले त्यसलाई प्रस्तुत गर्न नसकेको होला भनेर हामीले महसुस गर्यौं पछि त्यसलाई भन्यौं तर अहिलेसम्म आउँदा पनि त्यो बजेटको स्थिति के हो । कतिपय सिलिङ्गहरु आउने सडकको खानेपानीको सिंचाईका सिलिङ्गहरु देख्यौं । तरपनि त्यो सिलिङ्गहरु कुन अवस्थामा छन त । अरु माननीयज्यूहरुको त के छ होला मलाई तेति थाहा छैन तर मेरो निर्वाचन क्षेत्रमा एक जना पनि एम मान्छेहरु पनि त्यो कार्यविधि अगाडी बढाएर गएको देख्दैन । मैले कतिपय ठाउँमा सुनें माननीयहरुले डाँठेर बजेट पनि बाँडन सक्छन । त्यस कारणले यहाँ नआएको अरु निर्वाचन क्षेत्रमा गएको त हामीले सुनें तर तेही पनि मेरो निर्वाचन क्षेत्रमा आउन सकेन । के अहिले तेही कार्यविधिले तेही शैलीले तेही तरिकाले अझ अगाडी बढयौं भने हामी कुन ठाउँमा पुग्छौं त । मेरो यो प्रश्न छ। अहिले हामीले निर्वाचन क्षेत्र कतिमा १ करोड २ करोड ५० लाखकै योजनाहरु हामीले छुट्टयाएका छौं । त्यसको DPR गर्न कति समय लाग्दैछ। DPR गर्ने कहिले हो। त्यो DPR गर्न करिब करिब मलाई लाग्छ एक महिना लाग्ने हो । अनि DPR पछि टेण्डरमा जाने कुरा होला । टेण्डरमा हाम्रो कार्यविधिले के भन्छ २ महिना काटने भन्छ। २ महिना पछि कार्यान्वयन कहिले हुने यो प्रश्न गम्भिर प्रश्न छ। हिजो कै निरन्तरता हो यो । हिजोका दिनमा जब असार मसान्त लाग्छ बजेट प्रवाह गर्ने जुन हाम्रो कार्यशैली थियो त्यस कारण अहिले पनि कहिं कतै यही कुराले त निरन्तरता पाउँदैन । पाइन्छ भने हामी नेपाली जनताको लागि यो गण्डकी प्रदेशका लागि सारै दुखद पक्ष बन्ने छ । म सरकारसंग विनम्रतासाथ के अनुरोध गर्न चाहन्छु भने हजुरहरुले हजुरहरुको दायित्व हो कि तपाईंले कार्यविधि बनाउन किन आठ महिना लाग्ने छ महिना लाग्ने । के कुराले तपाईलाई बाधक बनियो यो प्रश्न सारै गम्भिर प्रकारको हो । मेरो त के शंका पो छ त भने यति ढिलो ढिलो बनाउन नसक्नुको एउटा अयोग्यताका कारणले पनि हो कि असक्षमताका कारणले पनि हो कि मलाई आफूलाई शंका लागेको छ । मैले आरोप नठान्नु होला मलाई के लाग्छ भने जनताले चाहेको घरदैलोमा भनेको दरबार हो सिंहदरबार नि हो न त भन्नु सिंहदरबार त देखि

हाल्यो। जिल्लामा खानेपानी योजना माग्न जाने पर्थ्यो अब अर्को जिल्ला काटेर जाने भयो ।सडकैले अब अर्को जिल्लामा जानु पर्यो यसले के बताउँछ भने हामीले कुरा जे गर्छौं व्यवहारमा तेही गरौं । सिंहदरबार घरमै ल्याउँ । त्यस कारण मलाई के लाग्छ भने यसको नैतिक जिम्मेवारी लिने सरकारले हो । यो सरकारले यो जिम्मेवारी लिनु पर्छ कि पर्दैन । द्रुत गतिमा काम गर्नु पर्ने बाधक को हो । प्रतिपक्ष हो अथवा अरु कोही हो भनें हामी त्यसलाई खुलाउँ। त्यस कारण मलाई लाग्छ यो कुरा हामीले बुझ्ने आवश्यक छ र अन्तिममा मैले के भनें भने यो संघीयताका कारणले अब जे जस्तो जादु बनि हाल्यो बनेसंग सायद हैन नैनासुत जस्तो टल्किने देश हो हाम्रो पनि सुनें मैले । र यदि संघीयताका विरोधीहरु भयो भने त्यसलाई विरोध गर्ने प्रतिकार गर्ने पनि मैले मन्द मन्द सुनें हेर्नुस । गर्नुस प्रतिकार गर्नुस संघीयताको विरोध गर्नेहरुलाई त आवश्यक पनि छ । यो कुनै पनि कुरा अपठ्यारो होइन । संघीयता के शून्यमा अगाडी बढछ । संघीयता के के के धरातल बिना अगाडी बढ्छ । नीति र कार्यक्रम त हाम्रो कार्यक्रम त असाध्य राम्रो छ नि । एउटा गाउँपालिकामा पच्चीस शैय्याको अस्पताल बनाउने भनेको होइन हामीले नीति तथा कार्यक्रममा तेसलाई हामीले बाह्र हाथ उफ्रेर समर्थन गरेका हौं । अस्पताल नपाएका मान्छे सरकारले पच्चीस शैय्या अस्पताल बनाइ दियौ ।त्यस कारण भनेर हामीले जस्तो भयो। के संघीयतामा पैसा बिना कुनै पनि योजना बिना त्यो हस्पिटल पच्चीस शैय्याको बन्छ । ल हामी संघीयताको विरोध गर्दैनौं तपाईंले यो र त्यो भनी हाल्छ संघीयताले । हैन संघीयताको मुख्य कुरो के हो भने । यो खर्चिलो व्यवस्था हो । हइन र । सात वटा प्रदेशमा सात जनाका हिसाबले पनि ७० वटा मन्त्रीहरु छौं । त्यस्तै किसिमले हामीहरु कति वटा सदस्यहरु छौं । त्यस कारण यसलाई धान्नका लागि संघीयता भन्दै भन्दै जाँदा खेरी अनि धेरै खर्चिलो व्यवस्था सिर्जना गर्ने अनि कुरा गर्छ विरोध गर्या कारण भनेर पछि हटेको भन्न पाइन्छ । हामीले भनेका कुरा के हो भनेको भने यो एउटा गरीब मुलुक हो वृद्ध भएको मुलुक हो सम्पन्नता भएको मुलुक हो। त्यस कारण हामीले के हो त भने शासन व्यवस्थालाई विकेन्द्रित गरौं केन्द्रीकृत नगरौं । तपाईंले आज संघीयताको विरोध गर्नेलाई जस्तो कुरा गर्ने राजा आएर यहाँ मलाई

श्रीपेच लाउँदैछु फाल्गुन ७ गते हिडेको हो १४ गते भन्दा केही नबोल्ने । त्यसरी पनि हुन्छ र । मलाई लाग्छ हुँदैन । यसैले गर्दाखेरी के हुने हो भने । आधारमा जगमा अडिएको संघीयता चाहिन्छ । यदी आधार बिना हामीले संघीयतालाई थाम्न खोज्यौं भने हेर्नुस पचास किलोको मान्छेले सय किलोको भारी बोक्दा उछिछटिए जस्तो परिस्थिति सिर्जना हुन्छ यहि कुरा राख्दै म आफ्नो भनाई टुँगाउँछु । धन्यवाद ।

## माननीय सभामुखज्यूको

माननीय श्री हरी शरण आचार्य लाई बोल्न समय दिन्छु।

## माननीय श्री हरी शरण आचार्य

माननीय सभामुखज्यू। हामी बजेट अधिवेशन बर्खे अधिवेशन जे भने पनि एउटा अधिवेशन सम्पन्न गरेर बीचको छुट्टी विदा भनौं त्यसलाई पुरा गरेर हामी अर्को अधिवेशनमा प्रवेश गरी सकेका छौं यो अधिवेशनमा प्रवेश गर्दै गर्दा हामी दुखद क्षणहरुका बिचबाट गुज्रिसकेका छौं। हाम्रो बीचमा हामीसंगै संगसंगै बस्ने साथी टेक बहादुर घर्ती मगरलाई हामीले यो सदनबाट गुमाउन पुगेका छौं । यो दुखद घटनासंगै माननीय टेक बहादुर घर्ती मगर प्रति हार्दिक श्रद्धान्जली म व्यक्त गर्न चाहन्छु र उहाँ प्रति उहाँको परिवार प्रति शोक संन्तपत्त परिवार प्रति हामी हार्दिक श्रद्धान्जली व्यक्त गर्न चाहन्छु। राज्यले उहाँको परिवार प्रति नजर लगाएर हेरोस् म गम्भीर ध्यानाकर्षण गर्न चाहन्छु। संगै हाम्रो बीचमा माननीय ओमकला गौतम प्रति जुन शोक एउटा अगाडी आयो त्यो घडी हामी सबैको लागि दुखद थियो उहाँप्रति हार्दिक उहाँ लगायत उहाँको परिवार प्रति हार्दिक संवेदना व्यक्त गर्न चाहन्छु र सायद हामी यो दिनसम्म आइ पुग्दा गर्दा हामीले धेरै उतार चढावहरु धेरै हुँदै हामी यहाँ प्रवेश गरी राखेका छौं। मैले विनती गरी राखेको छु र हामी यति बेला यो मुलुकको आर्थिक विकास र समृद्धि यो मुलुकको नयाँ नेपाल बनाउने सपना पुरानो चिज कहाँ छ तर त्यो हामीलाई थाहा छैन तर नयाँ चीज बनाउने हामीले एउटा सपना बोकेर सायद नयाँ एउटा व्यवस्था अनुरुप त्यो संघीयताको

नयाँ मोडेलमा हामी प्रवेश गर्दै केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकार तीन वटा शक्तिशाली सरकार बनाएर अधिकारको विकेन्द्रीकरणको अर्को नयाँ सिद्धान्त अनुसार हामी प्रवेश गर्यौं । तर त्यो प्रवेश गर्दै गर्दा हामीले अधिकारलाई एक ठाउँमा केन्द्रित गरेर राख्यौं भने अनि त्यो अधिकारलाई सबैसंग समुचित न्यायपूर्ण व्यवस्थापन गर्न जानेनौं भने हामीले जतिसुकै सपना देखे पनि त्यो सपना सधैं सपनाको रुपमा रहन्छ। विपनामा परिणत हुँदैन। अहिले हामीले यो देखि राखेका छौं। सपना त सबैको मिठो हुन्छ। सपना सबैको राम्रो हुन्छ । सपना सबैले राम्रै गर्ने देखेको हुन्छ तर जति सुकै सपना राम्रो देखे पनि जतिसुकै सपना सुन्दर देखेपनि तर त्यो विपनामा बदल्ने चाहना र अभिलाषालाई पुरा गर्ने एउटा आधार तयार गर्न सकिएन भने त्यो सम्भव छैन। मैले अनुभूति गरि राखेको छु कि यति बेला हामी केन्द्र सरकार प्रति फर्कि राखेका छौं। प्रदेश र स्थानीय सरकार हेर्दै गर्दा खेरी स्थानीय तह त हिजो पनि थियो अर्को रुपमा थियो। केन्द्र सरकार आफ्नै रुपमा चलि राखेको थियो तर प्रदेश सरकार नयाँ रुपमा अहिले आयो तर त्यो नयाँ रुपको यो नयाँ बच्चा जन्मिएकोलाई चाहीं यो सौतेनी बच्चा हो जस्तो मानेर अहिले अधिकार प्रत्यायोजन गर्नका निमित्त जसरी प्रदेश सरकारका मन्त्रीज्यूहरुले जसरी मुठा पारी राख्या छौं भनेर भन्नु भएको थियो त्यसरी नै मुठा पार्ने काम केन्द्रबाट भयो। जतिबेलासम्म यो चीजको अन्त्य हुँदैन जति बेलासम्म यो चीजको चाहीं हामीले मतलब नयाँ ढंगले कार्यान्वयन गर्ने अर्को खाका प्रस्तुत गर्न सक्दैनौं तेति बेलासम्म संघीयता अघि पूर्वका माननीयज्यू कृष्ण थापाज्यूले भने जस्तै भएकोछ । यो कुरा चाहीं निश्चित छ यो कुरा मैले पहिलो अधिवेशनमा नै भनेको थिएं। संघीयता कसैले रक्षा गर्छु भन्ला कसैले मान्छु भन्ला कसैले राख्छु भन्ला तर राख्छु अहिले संघीयताको भक्षक बन्दैछन् । यही कुरा मैले घोषणा गर्न चाहन्छु । किनभने जुन मान्छेले संघीयताको रक्षक बनेर उभिएको छ । उ आफै काखमा लिएर संघीयताको भक्षक बन्ने कुरा यो निश्चित छ । तेसो भएको कारणले संघीयताको रक्षक को हो भन्ने कुरा जनताले भोलीका दिनमा प्रष्ट उभाउने छन् देखाउने छन् । म त्यो दिन पर्खि राख्या हो । सायद त्यो अधिकारको प्रत्यायोजन गर्ने कुरा आज प्रदेश सरकारलाई अधिकार दिएको भए हामी यो अवस्थामा आज

प्रदेशको सदस्य अपमानित हुनु पर्ने प्रदेशका चाहिं प्रदेश सरकार चाहिं सिडियो संग चाहिं मेरो ठाउँमा यति शक्ति पठाइदियो गुहार माग्नु पर्ने परिस्थितिमा किन पुग्थियो। अनुनय विनय गर्नु पर्ने तल्ला निकायहरुमा पुग्नु पर्ने यो परिस्थितिमा किन पुग्थियो । आज यो कारणले हामी सुन्दर सपना देख्दा देख्दै पनि त्यो सपनाहरु विपनामै गर्भमै हराउने अनि त्यस पछ्याडी विपना चाहीं हामी अर्को कुनै खाल्टोमा जागिने यो खालको एउटा परिस्थिति हाम्रो बीचमा सिर्जना भएको छ यो दुखद परिस्थिति राज्यका निमित्त हाम्रो निमित्त सायद बेहोर्नु नपरे हुन्थ्यो हाम्रो चाहना थियो तर बेहोर्नु पर्ने बाध्यता भयो । मैले यो प्रदेश सरकार केन्द्रीय सरकारको बीचको समन्वयको हिसाबले मैले त्यो हाम्रो माननीय मुख्यमन्त्रीज्यूले पटक पटक केन्द्रीय सरकारको विषयलाई लिएर धेरै पटक आलोचना गरी रहेको मैले पाइ राखेको छु । तर त्यो आलोचना कतिपय व्यक्तिहरुका लागि मैले सुनी राखेको छु । कतिपय व्यक्तिहरुका लागि कमाउने खेल बनेको छ । तर त्यो आलोचना यथार्थ आलोचना थियो तर त्यो केन्द्र सरकारले कहिले सुन्ने लगाएन यो सुन्ने कान नलगाउने त्यो माथि आफ्नै सरकार छ। आफ्नै केन्द्र सरकार छ के कारणले मैल खोज्छ सम्बन्धित सत्तापक्षका पार्टीका लिडरहरुले कम्तीमा त्यो सोच्न आग्रह गर्न चाहन्छु किनकि अब नेपालमा कम्युनिष्टलाई एक नम्बर नेपाली जनताले एउटा यो कुरा सत्य हो। तर म तेही कम्युनिष्ट राजनीतिक जीवनभर मैले कम्युनिष्टको राजनीति गरेर आएको मान्छे हुँ तर तेही कम्युनिष्टको राजनीति मैले अहिले अभिशापको रुपमा बेहोरेको छु। के आज हामीले राजनीतिक रुपमा नेपालको यो विकास र समृद्धिको मोडेलको रुपमा हामीले तेसरी नै बुझौं। आज मैले एउटा प्रदेश सरकारले चाहिं एउटा योजना बनाउँछ। योजना आयोगले एउटा प्रस्तुत गर्छ । यही ठाउँमा मैले बुझि राखेको छु नेपालको राजनीतिमा एउटै मान्छे कोइ विज्ञ छ भने एउटै मान्छे कोई राजनीतिज्ञ छ भने दुबै क्षेत्रमा विज्ञ छ भने त्यो दुबै क्षेत्रमा भएको त्यो एउटै मात्रै व्यक्ति हो डा बाबुराम भट्टराई मैले प्रशंसा गरेको हैन तर त्यो मान्छेलाई एउटा योजना आयोगको एउटा विषय दिएर उसले राष्ट्रका निमित्त योगदान गर्न पाउँछु भनेर भन्न खोज्दा खेरी तपाईंले दिन सक्नु हुन्न के। किन पूर्वाग्राही बन्नु मुलुकका निमित्त कुनै मान्छे योगदान गर्न निस्वार्थताका

साथ योगदान गर्न चाहन्छ भने त्यो कुरा गर्न दिन किन ढोका बन्द गर्ने। अनि यसरी यो मुलुक बन्छ । यो मुलुक बनाउने त्यो सपना विपनामा बदलिन्छ। म प्रश्न गर्न चाहन्छु त्यसैले पूर्वाग्राही भएर होइन हामी प्रतिपक्षमा छौं तर प्रतिपक्षमा पनि अरिङ्गाल बन्ने सपना देखेको छ भने त्यो अरिङ्गाल बनोस् तर हामी मौरी बन्न चाहन्छौं ज्यामी बन्न चाहन्छौं यो मुलुकमा मह भर्न चाहन्छौं। तेही सपना बोकेर आएका छौं। तर त्यो सपनालाई एउटा अवसर त कि राज्य प्रतिपक्षलाई पनि दिनु पर्यो। प्रतिपक्ष त्यो ठाउँ उभिनु पर्यो। त्यो भूमिकामा पहिलो कुरा त राज्यले त्यो वातावरण बनाउनु पर्छ होला नि। पहिलो कर्तव्य निर्वाह गर्ने पहिलो पंक्तिले चाहिं त्यो निर्वाह गर्ने कुरामा चुक्यो भने दोस्रो पंक्ति निर्वाह गर्ने बेलामा स्वाभाविक रुपमा पछाडी पर्छ त्यस कारणले प्रतिपक्ष सत्तापक्ष दुबैले यो मुलुकलाई आर्थिक प्रगतिको निमित्त अगाडी बढाउन चाहन्छ भने त्यसका निमित्त सहकार्य गर्न पूर्वाग्राही नबनुम निर्वाह त अहिले पनि छ पूर्वाग्राही बन्ने विगतका जुन परम्परागत शैली देख्यो त्यो प्रति मेरो आपत्ति छ। हामीलाई लाग्छ साच्चैं यो नेपालको एउटा हाम्रो लागि विडम्बना पनि भन्नु पर्छ कि प्रदेश सरकार हामीले अहिले पनि यसो हेर्दा खेरी प्रदेश सरकार क्षमतावान छ। प्रदेश सरकारको बीचमा एउटा चाहिं सहकार्य संगठित नीति छ। त्यो प्रकारको मैले बुझि रहेको छैन । यदि हाम्रो प्रदेश सरकार असफल भयो भने प्रतिपक्षका कारण असफल हुँदै छैन यो कुरा म यहिंबाट घोषणा गर्न चाहन्छु। प्रतिपक्षका कारणले प्रतिपक्षले काम गर्न दिएन प्रतिपक्षले चाहिं यसलाई सहयोग गरेन सत्ताभित्रकै प्रतिनिधि मार्फत नै यो विघटित भयो। मेरो अनुभूति हो। प्रत्यक्ष रुपमा मैले भोगेको अनुभूति हो। त्यसैले म माननीय मुख्यमन्त्रीज्यूदेखि मन्त्रीज्यूहरुसंग एउटा दरो यूनिटी बनाएर तपाईंले काम गर्नुस हामी प्रतिपक्ष कामका निमित्त राम्रो कामका निमित्त सम्मान र सहयोग जतिबेला पनि हामी तयार छौं। मैले भनेको छु। हामी मौरी बन्न तयार छौं। हामी अरिङ्गाल बनेर तपाईंलाई टोक्न तयार छैनौं र अन्त्यमा स्थानीय सरकार र प्रदेश सरकारको बीचको समन्वय मैले यसै हेर्दै गर्दाखेरी तेति सुखद देखेको छैन। स्थानीय सरकार आफ्नै ढंगले स्वचालित ढंगले चले जस्तो प्रदेश सरकार यो केही पनि होइन यिनिहरु आउन जाउन केहि मतलब छैन। एउटा मात्रै शब्दमा माननीय झुन्याइदिए

पुग्छ। अरु केही चाहिँदैन भनिए जस्तो यस्तो प्रकृतिको हामी स्थानीय तहसंगको एउटा सहकार्यमा हामीले एउटा विडम्बना व्यहोरेका छौं। भने यसो कसरी सच्चाउने हो। यसमा प्रदेश सरकारको भूमिका के हो। यो कुरामा प्रदेश सरकारको चिन्ता विशेष चासो रहोस् र विशेष गरी म सरकारको नेतृत्व प्रदेश सरकारको नेतृत्व गरी राख्नु भएका माननीय मुख्यमन्त्रीज्यूलाई म विशेष आग्रह गर्न चाहन्छु। तपाईं त्यो कुर्सीमा बसी राख्दाखेरी तपाईंको त्यो कुर्सी नहल्लिने र नढल्किने गरी त्यो कुर्सीलाई आधारको रुपमा फेरी भोलिसम्म रही राख्ने खालको एउटा परिस्थिति सिर्जनाका गर्नका निम्त कर्मचारीतन्त्र मतलब कर्मचारी मित्रहरु देखि लिएर सरकारका प्रतिनिधिहरुसम्म अनि स्थानीय सरकारसम्मको व्यवस्थापन कसरी गर्ने भन्ने कुरालाई अलि विशेष सबैसंग चासोका साथ संगसंगै लिएर सहकार्य गरिदिनु हुन म आफ्नो भनाई टुङ्गयाउन चाहन्छु। धन्यवाद। नमस्कार।

**माननीय सभामुखज्यू**

**माननीय सदस्यहरु,अब यो बैठक २०७५ साल पौष २३ गते दिनको ३.१५बजे सम्मको लागी स्थगित हुन्छ ।**